# राजश्व सुधार कार्ययोजना

## २०७८/७९-२०८१/८२




## दंगीशरण गाउँपालिका

दाङ

लुम्बिनी प्रदेश

२०७८

# कृतज्ञता ज्ञापन

दंगीशरण गाउँपालिकाको निर्णय वमोजिम यो राजस्व सुधार कार्ययोजना दंगीशरण गाउँपालिका र युएसएआइडी साझेदारी–सङ्घीयता सहयोग कार्यक्रमको सहकार्यमा तयार पारिएको हो । यो कार्ययोजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन २०७६ मा उल्लेखित सहभागितात्मक विधिबाट विभिन्न विश्लेषणका औजारहरु तयार गरी यो प्रतिवेदन तयार गरिएको छ ।

कार्ययोजना तयारी कार्यमा सघाउनु हुने गाउँपालिकाका अध्यक्ष श्री भागीराम चौधरी, प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त पौडेल, राजश्व शाखा प्रमुख श्री किरण पोखरेल, लेखा शाखा प्रमुख श्री सोमबहादुर डाँगी, लगायत सबै जननिर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छौं ।

प्रस्तुत कार्ययोजना तर्जुमाका क्रममा प्रारम्भदेखि नै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट महत्वपूर्ण सल्लाह, सुझाव तथा मार्गदर्शन निरन्तर प्रदान गर्नुहुने सहसचिव श्री बिष्णुदत्त गौतम, उप सचिव श्री प्रल्हाद कार्की प्रति आभार व्यक्त गर्दछौं ।

यस कार्यका लागि हामीलाई छनौट गरि प्राबिधिक सहयोग, समन्वय र सहजिकरण मार्फत योगदान पुऱ्याउनु हुने साझेदारी संघीयता सहयोग परियोजना लाई विशेष धन्यवाद व्यक्त गर्दछौं ।

प्रस्तुत कार्ययोजनाको कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजश्वमा अपेक्षा अनुरुप स्रोत परिचालन र व्यवस्थापन क्षमतामा अभिवृद्धि भई स्थानीय सेवा प्रवाहमा सुधार हुने विश्वास गरिएको छ ।

श्री पिमा कुमारी वली
उपाध्यक्ष
तथा राजस्व परामर्श समिति संयोजक
भाद्र, २०७८

## विषय सूची


परिच्छेद – एक : परिचय **2**
१.१ पृष्ठभूमि 2
१.२ स्थानीय राजश्व परिचालनको सैद्धान्तिक मान्यता 3
१.३ राजश्व सुधार कार्ययोजनाको औचित्य 3
१.४ कार्ययोजनाले राखेका उद्देश्यहरु 4
१.५ योजना तर्जुमा पद्धति, विधि र प्रक्रिया 4
१.६ कार्ययोजनाका सीमाहरु 7
परिच्छेद – दुई : दंगीशरण गाउँपालिकाको संक्षिप्त परिचय **8**
२.१ गाउँपालिकाको संक्षिप्त परिचय 8
२.२ गाउँपालिकाको जनसंख्या विवरण 9
२.३ गाउँपालिकाको आर्थिक अवस्था 10
२.४ गाउँपालिकाको सामाजिक अवस्था 11
२.५ वन वातावरण तथा बातावरणीय स्थिति 12
२.६ भौतिक विकासको अवस्था 13
२.७ सम्भावना र अवसरहरु 13
२.८ दंगीशरण गाउँपालिकाको संगठन संरचना र मानव संसाधनको अवस्था 14
२.९ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था . 14
परिच्छेद – तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता **15**
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था . 15
३.१.१ संवैधानिक व्यवस्था 15
३.१.२ कानूनी व्यवस्था 15
३.२ स्थानीय तहको आन्तरिक आय 18
राजश्व परिचालन चक्र र प्रक्रिया 18
३.३ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था 19
३.३ आन्तरिक राजश्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण 21
३.३.१ कर राजश्व 21
३.३.२ गैर कर राजश्व 33
परिच्छेद – चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था **44**
४.१ राजश्व परिचालन सम्बन्धी नीति 44
४.२ आन्तरिक राजश्व सङ्कलनका लागि संस्थागत क्षमता 44
४.२.१ स्थानीय राजश्व परामर्श समिति 44
४.२.२ गाउँपालिकाको राजश्व प्रशासन 45
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालनको अवस्था 46
४.४ राजश्व परिचालनमा रहेका केही विषयहरु (सवालहरू) 47
परिच्छेद – पाँच : राजश्व सुधार कार्ययोजना **51**
५.१ रणनीति तथा कार्यनीति 51
५.१.२ राजश्व सुधार कार्ययोजना 53
परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण **57**
परिच्छेद – सातः अपेक्षित नतिजा **60**
परिच्छेद – आठः अनुगमन तथा मूल्याङ्कन **61**
अनुसूची **63**
अनुसूची १: राजश्व सम्भावना विश्लेषणका आधारहरु 63
अनुसूची २: तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची 71
अनुसूचि ४: मस्यौदा प्रतिवेदन प्रस्तुति कार्यशालाका सहभागीहरुको विवरण 111

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहका सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ । संविधानले तीन तहका सरकारहरु बीच अधिकार बाडफाँट गरी उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था समेत गरेको छ । यसै व्यवस्था बमोजिम स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजश्व वाँडफाँड, र ऋण लिने अधिकार सहित आन्तरिक स्रोत समेत परिचालनको अधिकार समेत प्रदान गरिएको छ । राजश्व अधिकार प्रदान गर्दा स्थानीय तहको खर्च आवश्यकता र उपलब्ध स्रोतका बीचको फासला कम गर्ने र सन्निकटताको सिद्धान्त अनुसार स्थानीय तहबाट प्रभावकारी रुपमा परिचालन हुन सक्ने राजश्व परिचालनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गर्ने विश्वव्यापी मान्यतालाई समेत आत्मसात गर्न खोजिएको छ ।

राजश्व अधिकार अन्तरगत स्थानीय तहले परिचालन गर्न सक्ने आन्तरिक आयले मात्र स्थानीय तहको कार्य जिम्मेवारी पुरा गर्न सम्भव नभएको हुँदा स्थानीय तहको स्रोत आवश्यकता पूरा गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण आवश्यक हुन्छ । नेपालको संवैधानिक व्यवस्था अनुसार स्थानीय तहले वित्तीय हस्तान्तरण स्वरुप संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्राप्त गर्दछन् ।




नेपालको संविधानमा नेपाल सरकारले उठाएको राजश्वको बाँडफाँट तीनवटै तहका सरकारहरुबीच न्यायोचित रुपमा गरिने उल्लेख छ । यसै मान्यता अनुरुप संविधानमा नेपाल सरकारबाट असुल हुने आन्तरिक उत्पादन तर्फको अन्तशुल्क र मूल्य अभिबृद्धि करबाट प्राप्त हुने राजश्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ ।

तहगत सरकारलाई तोकिएको कार्य जिम्मेवारी पुरा गर्न उपलब्ध राजश्व अधिकार र वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने स्रोत पर्याप्त नहुने हुँदा भविष्यमा परिचालन हुने राजश्वबाट तिर्ने गरी ऋण परिचालन गर्न सक्ने अधिकार समेत प्रदान गरिएको हुन्छ । नेपालको विद्यमान संवैधानिक र कानूनी व्यवस्था अनुरुप स्थानीय तहलेनेपाल सरकारको पूर्व स्वीकृतिमा मात्र ऋण लिन सक्ने कानूनी व्यवस्था गरिएको छ ।

माथि उल्लिखित स्रोतहरु बाहेक जनसहभागिताबाट पनि स्थानीय तहले ठूलो स्रोत परिचालन गर्ने गरेका छन् भने अन्तर स्थानीय तह सहयोग पनि यदाकदा अभ्यासमा आउने गरेको छ । स्थानीय तह आर्थिक रुपमा जति बढी आत्मनिर्भर हुन सक्यो त्यति बढी स्वशासन पद्धति बलियो हुने, संघीय सरकारलाई वित्तीय भार कम हुने र स्थानीय तहमा जनताप्रतिको जवाफदेहिता समेत बृद्धि हुने हुँदा स्थानीय तहमा आन्तरिक स्रोत परिचालनको ठूलो महत्व रहेको छ ।

## १.२ स्थानीय राजश्व परिचालनको सैद्धान्तिक मान्यता

स्थानीय राजश्वका स्रोतहरु स्थिर, विचलन नहुने, प्रशासन गर्न सहज हुने र निरन्तर रुपमा आम्दानी प्राप्त हुने किसिमको हुनुपर्ने सैद्धान्तिक मान्यता रहेको छ । स्थानीय राजश्व परिचालन गर्दा करदाताको तिर्नसक्ने क्षमता (Ability to Pay), करदाता मैत्री (Tax Payer Friendly), सवै करदातालाई समता अर्थात न्यायोचित व्यवहार हुने, पारदर्शिता सुनिश्चितता रहेको, विनियोजन दक्षता र खर्चमा प्रभावकारितालाई प्रोत्साहन गर्ने, पर्याप्त स्रोत परिचालन हुने तथा मितव्ययिता जस्ता पक्षहरुलाई पनि ध्यान दिनु पर्छ ।

जनताको माग र आवश्यकता बमोजिम शिक्षा, स्वास्थ्य, कृषि, पशुस्वास्थ्य, स्थानीय पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन,स्थानीय आर्थिक विकास र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने जनताको सबैभन्दा नजिक रहेको सरकारको रुपमा स्थानीय सरकारको परिकल्पना गरिएको हुन्छ । यसका लागि स्थानीय जनप्रतिनिधिले आफ्नो राजनैतिक आकांक्षा र जनतासँग गरिएको प्रतिवद्धता पुरा गर्न तथा जनताले महसुस गर्नेगरी सेवा प्रबाहमा सुधार गर्न साधन स्रोतको आवश्यकता हुन्छ र चुस्त, राम्रो एवम् प्रभावकारी प्रशासन चाहिन्छ । त्यसबाहेक स्थानीय सरकारले चाहेको स्थान वा विषयमा लगानी गर्न सक्ने स्वायत्तता समेत आवश्यक हुन्छ । आफ्नो खर्चको लागि आवश्यक रकमको व्यवस्था आफैले लगाएको करबाट गर्ने पद्धति नै स्थानीय स्वायत्तता उपयोग गर्ने सर्वोत्कृष्ट उपाय हो । तसर्थ स्थानीय तहमा आन्तरिक आय परिचालन अपरिहार्य छ र यस्तो राजश्वको परिचालन दिगो, व्यवसायिक, कुशल र प्रभावकारी हुन पनि उत्तिकै जरुरी छ ।

## १.३ राजश्व सुधार कार्ययोजनाको औचित्य

स्थानीय तहको आन्तरिक आय परिचालनबाट स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न सहयोग पुग्ने मात्र नभई स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय वासिन्दाले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस बिषयमा नियमित रुपमा आफ्नो गाउँपालिकासँग प्रश्न सोध्ने हुनाले स्थानीय सरकारलाई जनताप्रति उत्तरदायी हुने वातावरण समेत सिर्जना हुन्छ । यसबाट स्थानीय सेवा प्रवाहमा सुधार हुने र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ । साथै आन्तरिक स्रोतबाट परिचालित राजश्व खर्च गर्दा बाह्य शर्त नहुने र आफ्नो कानून वमोजिम खर्च गर्न सकिने हुँदा यसको मात्रा जति बढी भयो त्यति बढीमात्रामा स्थानीय तहले स्वायत्तता अनुभूति गर्दछन् । यसरी सरकारका तहले जति बढी स्वायत्ततापूर्वक काम गर्न पाउँछन् त्यति नै संघीयताको अभ्यास सफल र सुदृढ हुँदै स्थानीय माग र आवश्यकता वमोजिम विकास हुने विश्वास गरिन्छ ।

**स्थानीय तहको राजश्व सुधार कार्ययोजना किन?**

- राजश्वका सम्भावना, नागरिकको कर तिर्न सक्ने क्षमता र राजश्व प्रशासनको विश्लेषण गरी सुधारका उपायहरु पहिचान गर्न ।
- आन्तरिक आयका आधार, दायरा र दरको सम्भाव्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्न ।
- व्यवसायमैत्री कर प्रशासनबाट स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकासका क्रियाकलापहरु लाई करको दायरामा ल्याउन आवश्यक मार्गदर्शन प्रदान गर्न ।
- स्थानीय तहले अपनाउनु पर्ने आय सुधारको कार्ययोजना तयार गरी आन्तरिक राजस्वमा सुधार गर्न ।
- आवधिक योजना अन्तरगतका योजनाहरुको कार्यान्वयन गर्नको निमित्त स्रोत सुनिश्चित गर्न ।
- बार्षिक बजेटलाई वढी यथार्थपरक, प्रभावकारी र उद्देश्यमूलक बनाउन ।
- स्थानीय तहको काम कार्यवाहीलाई अझै वढी पारदर्शी तथा नागरिक प्रति जिम्मेवार बनाउन ।

स्थानीय तहको आन्तरिक स्रोत परिचालनको सन्दर्भमा ती निकायको क्षमता अभिबृद्धि अहिलेको प्रमुख र अपरिहार्य आवश्यकता हो । यस अन्तरगत संस्थागत क्षमता विकास, जनशक्ति व्यवस्थापन, नीतिगत र कानूनी सुधारका साथै सूचना तथा तथ्याङ्कीय प्रणालीमा समेत सुधार गर्न आवश्यक हुन्छ । त्यसबाहेक अधिकार क्षेत्रभित्रका उपलब्ध सबै आन्तरिक आयका संभाव्य स्रोतको विश्लेषण गरी राजश्व परिचालन गर्ने वाताबरण सिर्जना गर्न पनिउत्तिकै अनिवार्य छ । त्यसैले राजश्व परिचालनका लागि सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजश्वको प्रक्षेपण गर्न राजश्व सुधार कार्ययोजना तर्जुमा गरिन्छ । यसबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आयमा सुधार गर्दै राजश्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्दछ ।

## १.४ कार्ययोजनाले राखेका उद्देश्यहरु

यस राजश्व सुधार कार्ययोजना तर्जुमा गर्नुको प्रमुख उद्देश्य नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ र गाउँपालिकाका बार्षिक आर्थिक ऐनहरु र अन्य सम्बन्धित कानून बमोजिम गाउँपालिकाको राजश्व परिचालन क्षमताका आधारमा स्रोतहरुको सम्भाव्यता, जनताको कर तिर्नसक्ने क्षमता र गाउँपालिकाको राजश्व प्रशासनको विश्लेषण गरी आवश्यक सुधारका उपायहरु पहिचान गर्दै राजश्व अभिबृद्धि गर्न कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने रहेको छ । अन्य उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

(१) राजश्व परिचालनका सन्दर्भमा गाउँपालिकाको विद्यमान नीति, संस्थागत संरचना तथा विगतको आय परिचालन अवस्थाको विश्लेषण गर्ने ।
(२) गाउँपालिकाको राजश्व संभाव्यता, वर्तमान आन्तरिक आयका आधार, दर र प्रशासकीय संरचनाको विश्लेषणको आधारमा राजश्व सुधारका कृयाकलाप, समयसीमा र जिम्मेवारी समेत स्पष्ट हुने गरी राजश्व सुधारको कार्ययोजना तयार गर्ने ।
(३) राजश्व सुधार कार्य योजनाको कार्यान्वनबाट गाउँपालिकाको आन्तरिक आयमा पर्न सक्ने प्रभावको आंकलन गरी आगामी तीन वर्षको आय प्रक्षेपण गर्ने ।

## १.५ योजना तर्जुमा पद्धति, विधि र प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ लाई यस दंगीशरण गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाको मार्गदर्शकका रुपमा लिइएको छ । यस कार्ययोजना तर्जुमामा गाउँपालिकाका सबै पक्षको अपनत्व, दिगोपना, निरन्तरता, प्रभावकारी कार्यान्वयनलाई मध्यनजर गरी उपयुक्त पद्धति अवलम्बन गरिएको छ । यसका लागि सहभागितामूलक विधिमा जोड, प्रयोगकर्ता मैत्री औजारको प्रयोग, प्रक्रियामा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि, लैंगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री नीतिमा जोड, समसामयिक कोभिड महामारी जस्ता विपद् न्यूनीकरण र अनुकूलन तथा नवप्रवर्तनमा उचित ध्यान दिइएको छ ।

कार्ययोजना तर्जुमा प्रक्रियामा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, सम्बन्धित समितिहरु, सरोकारवाला तथा नागरिक समाजका प्रतिनिधिहरुलाई आवश्यक सूचना तथा सुझाव सङ्कलन स्रोतका रुपमा लिइएको थियो । दिग्दर्शनमा उपलब्ध सूचना सङ्कलन औजारलाई स्थानीय आवश्यकता अनुसार परिमार्जन गरिएको थियो । साथै गाउँपालिकाका प्रगति प्रतिवेदन, प्रकाशन, प्रोफाइल लगायतबाट राजश्व सम्बन्धी द्वितीय स्रोतका तथ्याङ्क र

गाउँपालिकाको आर्थिक प्रशासन तथा राजश्व शाखाबाट विभिन्न सूचनाहरु सङ्कलन गरी विश्लेषण गरिएको थियो । उक्त प्रथम तथा द्वितीय स्रोतका तथ्याङ्कका आधारमा जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी अन्तिम निष्कर्षमा पुगिएको थियो । दिग्दर्शनमा राजश्व सुधार कार्ययोजना तर्जुमा गर्दा देहायका चरणहरु अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छः




गाउँपालिकाले राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम तय भएपछि कोभिड १९ का कारण निषेधाज्ञा जारी भएकाले स्थलगत अन्तर्क्रिया सम्भव नभएको हुँदा भर्चुअल माध्यमबाट २०७८ जेठ १३ मा परिचयात्मक अन्तर्क्रिया सम्पन्न भएको थियो । उक्त अन्तर्क्रियामा कार्ययोजना तर्जुमा प्रक्रिया, सरोकारवालाको भूमिका र आवश्यक सूचना वारे स्पष्ट भएको थियो । कोभिड १९ बाट सिर्जना भएको असाधारण परिस्थितीलाई समेत ध्यानमा राखी दिग्दर्शनले निर्धारण गरेका चरण र कृयाकलापहरु निम्नानुसार सम्पादन गरिएको छः

(१) **सन्दर्भ सामग्रीको सङ्कलन तथा अध्ययनः** यस चरणमा राजश्व सुधार कार्ययोजनासंग सान्दर्भिक सामग्रीहरुको सङ्कलन तथा अध्ययन गरियो । यस अन्तर्गतका सामग्रीहरुमा Fiscal federalism in Nepal : Challenges and Opportunities (RK Shah), Explaining Property Tax in Developing Countries (Sepulveda and Vazquez), Federalism in Nepal (LBFC),नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, औद्योगिक व्यवसाय ऐन २०७३, प्राइभेट फर्म दर्ता ऐन, २०१४ तथा नियमावली, २०३४, साझेदारी ऐन, २०२०, कम्पनी ऐन, २०६३, उपभोक्ता हित संरक्षण ऐन, २०७५, वन ऐन २०७६, सहकारी ऐन २०७५, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६, पन्ध्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतका सङ्घीय नीति, ऐन, निमावली, योजना आदि रहेका छन् । यसैगरी लुम्विनी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरु तथा दंगीशरण गाउँपालिकले विगतका वर्षहरुमा अवलम्वन गरेको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, गाउँपालिकाको निर्माणाधिन पार्श्वचित्र (प्रोफाईल), साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएका नमूना कानूनहरु समेत अध्ययन गरिएको थियो ।

(२) **गाउँपालिका सँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारणः** गाउँपालिकाका प्रमुख श्री भागिराम चौधरी, उपप्रमुख श्री पिमा कुमारी खड्का, प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रकान्त पौडेल, सोमराज डाँगी, लेखा अधिकृत किरण पोखेल, शाखा अधिकृत, राजश्व परामर्श समितिका सदस्यहरु, लेखा शाखा र राजश्व

शाखाका अन्य कर्मचारीहरुसँग भर्चुअल विधिबाट छलफल गरी गाउँपालिकाले परिचालन गरिआएका कराधारहरु, राजश्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजश्व प्रशासनको बर्तमान संरचना र यसमा सुधार गर्न सकिने क्षेत्र, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरु, राजश्व सुधार कार्ययोजना तयारी  प्रक्रियाका बारेमा जानकारी गराई गाउँपालिकाको भूमिका  स्पष्ट गरिएको थियो । यसवाट राजश्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गर्ने र आवश्यक सूचना सङ्कलन फाराम अनुसारका सूचनाहरु गाउँपालिकाका विभिन्न शाखाहरुवाट प्राप्त गरी प्राप्त सूचनाका आधारमा राजश्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको थियो ।

**(३) तथ्याङ्क तथा सूचना विश्लेषण:** गाउँपालिका बाट सङ्कलित विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा गाउँपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरु विश्लेषण गरियो । तथ्याङ्क तथा सूचनाहरु विश्लेषण गर्दा सामान्य तथ्यांकीय विधिहरु अवलम्वन गरिएको छ। जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, विद्यमान नीतिगत अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकारी भयो ।

यी विषयमा थप प्रष्टताका लागि गाउँपालिका पदाधिकारी, कर्मचारीहरु र सरोकारवालाहरुसँग जुम विधिवाट गरिएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, गाउँपालिकाले भोगिरहेका चुनौतिहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो । सोही आधारमा राजश्व सुधार कार्ययोजनाको प्रथम मस्यौदा प्रतिवेदन तयार गरी गाउँपालिकालाई उपलब्ध गराइयो । साथै उक्त मस्यौदा गाउँपालिकालाई उपलब्ध गराई त्यस्मा दफावार छलफल गर्ने र गाउँपालिकालाई राजश्वका देहाय विषयमा अभिमुखीकरण गर्ने कार्य गरिएको थियो:

(क) स्थानीय करको सिद्धान्त, गाउँपालिकाको आन्तरिक स्रोत सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरु, राजश्व परिचालन सम्बन्धमा नेपालका गाउँपालिका तथा गाउँपालिकाहरुले गरेका असल अभ्यासहरुका विषयमा अभिमुखीकरण तथा अन्तर्क्रिया ।

(ख) करको दर र दायरा बृद्धिमा गाउँपालिकाको भूमिका एवम् राजश्व प्रशासन र राजश्व परिचालनमा लैङ्गिक तथा सामाजिक समावेशिता सम्बन्धी जानकारी अभिवृद्धि ।

(ग) गाउँपालिकाको आन्तरिक राजश्वको वर्तमान अवस्थाको लोखाजोखा र सुधारका लागि आगामी दिनमा अवलम्बन गरिनु पर्ने सुधारका प्रमुख विषयहरु वारे छलफल ।

**(४) राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपण:** प्राप्त सूचनाको विश्लेषण र छलफल तथा अन्तरकृयाका आधारमा राजश्व परिचालनका संभावना र  विद्यमान अवस्थाको विश्लेषणका आधारमा राजश्व सुधारका कृयाकलापहरु पहिचान गरिएको थियो । साथै यी कृयाकलापहरको कार्यान्वयनलाई सुनिश्चित गर्न समयसीमा र जिम्मेवारी समेत निर्धारण गरी राजश्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको थियो । यसरी तयार गरिएको राजश्व सुधारको कार्ययोजना कार्यान्वयनबाट राजश्वमा पर्नसक्ने प्रभावका आधारमा गाउँपालिकालाई आगामी तीन आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजश्वको प्रक्षेपण गरिएको थियो । यसरी तर्जुमा भएको मस्यौदालाई गाउँपालिका मार्फत साझेदारी परियोजना र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक पुनरावलोकन तथा सुझावका लागि प्रस्तुत गरी प्राप्त भएका सुझावलाई समावेश गरेर अन्तिम मस्यौदा तयार गरिएको थियो ।

**(५) राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुसरण:** यसरी तयार भएको मस्यौदालाई गाउँपालिकाले कार्यपालिकाको वैठकमा आवश्यक छलफल गरी स्वीकृत गरिने र यसलाई कार्यौन्वयन गरिनेछ । साथै

कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा छलफल तथा समीक्षा गर्ने र आवश्यकता अनुसार परिमार्जन गर्दै जाने व्यवस्था मिलाउन आवश्यक छ।

यस कार्ययोजनको कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजश्व परिचालनका सम्वन्धमा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई प्रशिक्षण गर्ने कार्य अन्तरगत  दंगीशरण गाउँपालिकाको कार्यालयमा २०७८ साउन ०८ गते छलफल कार्यक्रमको समेत आयोजना गरिएको थियो।

## १.६ कार्ययोजनाका सीमाहरु

प्रस्तुत राजश्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छः

(१) प्रस्तुत अध्ययन गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरु र सरोकारवालाहरु सँग गरिएको अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो।

(२) संघ तथा प्रदेश सरकारबाट गाउँपालिकाले प्राप्त गर्ने राजश्व बाँडफाँट र समानीकरण अनुदानको रकम प्रक्षेपण गर्दा हालको अभिलेख लाई आधार मानि वार्षिक १०% ले बृद्धि हुने अनुमान गरी आय प्रक्षेपण गरिएको छ।

(३) राजश्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एबम् प्रमाणिक तथ्याङ्क भएको अवस्थामा सहभागीहरु सँगको अन्तर्क्रियाबाट सम्पुष्टी गरिएको छ।

# परिच्छेद – दुई : दंगीशरण गाउँपालिकाको संक्षिप्त परिचय

यस दंगीशरण गाउँपालिकाको राजश्वको सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति, सम्पत्ति तथा पेशा, व्यवसायमा संलग्नको विवरण जस्ता आर्थिक गतिविधि,मानवीय संशाधन तथा भौतिक पूर्वाधार एबम् स्रोत साधन लगायतको महत्वपूर्ण भूमिका हुन्छ । यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संशाधनको अवस्था, स्थानीय आर्थिक गतिविधि र गाउँपालिका तथा सार्वजनिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

दंगीशरण गाउँपालिका नेपालको लुम्बिनी प्रदेश स्थित दाङ जिल्लामा पर्दछ । जिल्लामा रहेका १० स्थानीय तहमध्ये यस गाउँपालिकाको केन्द्र उप-पश्चिम दिशामा अवस्थित छ । यस गाउँपालिकाले आफ्नो वस्तुस्थिति वारे यथार्थ तथा बस्तुनिष्ट जानकारी तयार गरी तथ्याङ्कमा आधारित योजना तर्जुमा तथा नीति निर्माण गर्नका लागि गाउँपालिकाको पार्श्वचित्र २०७८ तयार गरेको छ । उक्त पार्श्वचित्र घरधुरी सर्भेक्षण, संस्थागत सूचना तथा अन्य द्वितीय स्रोतका सूचनाका आधारमा तयार गरिएको देखिन्छ । उक्त पार्श्वचित्रका साथसाथै अन्य स्रोतबाट समेत तथ्याङ्क तथा सूचना सङ्कलन गरी यस गाउँपालिकाको भौगोलिक अवस्थिति, एतिहासिक चिनारी, राजनीतिक अवस्थिति, प्राकृतिक तथा सांस्कृतिक उत्कृष्टता आदिका सहित संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।




**२.१.१ भौगोलिक अवस्थितिः** दंगीशरण गाउँपालिका भौगोलिक हिसाबले ८२ डिग्री ६ मिनेट देखि ८२ डिग्री १४ मिनेट पूर्वी देशान्तरसम्म र २८ डिग्री २ मिनेट देखि २८ डिग्री १० मिनेट उत्तरी अक्षांशमा फैलिएर अवस्थित रहेको छ । यसको क्षेत्रफल ११०.७ व.कि.मी. रहेको छ । समथर तराई र पहाडी क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जङ्गल तथा जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिका भएर सानाठूला खोला तथा नदीहरूबग्ने गर्दछन् । यस गाउँपालिकाको पूर्वमा तुलसीपुर उप-महानगरपालिका पर्दछ भने पश्चिममा बबई गाउँपालिका पर्दछ । त्यसैगरी उत्तरमा शान्तिनगर गाउँपालिका र दक्षिण तर्फको पूर्विभागमा लमही नगरपालिका र पश्चिमी भागमा बाँके जिल्लाको राप्ति सोनारी गाउँपालिका पर्दछ ।

**२.१.२ ऐतिहासिक चिनारी तथा नामकरणः** दंगीशरण गाउँपालिका दाङ्ग जिल्लाका साविकका हेकुली, गोल्टाकुरी र श्रीगाँउ गाउँ विकास समितिहरु समावेश गरी निर्माण भएको हो । यस गाउँपालिकाको नजिकै पर्ने स्थान हालको तुलसीपुर उपमहानगरपालिका वडा नः ११ स्थित सुकौरा भन्ने ठाउँमा थारु राजा दंगीशरणको दरबारको भाग्नावशेष रहेको छ । उनले त्यहाँबाट आजभन्दा करिब ५०० वर्ष अघि दाङ जिल्लामा राज्य गरेको मानिन्छ । दंगीशरण राजाको दरबार यस गाउँपालिकाबाट नजिकै रहेको छ । उनी थारु जातिका भएको र यस गाउँपालिकाको केन्द्र रहेको साविक हेकुली गाउँ विकास समितिमा थारु जातिको बस्ति बाक्लो भएकोले यस गाउँपालिकाको नाम दंगीशरण गाउँपालिका भनि नामाकरण गरिएको मानिन्छ ।

**२.१.३ राजनीतिक अवस्थिति:** दंगीशरण गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठन भएको र दाङ जिल्लाको उत्तर क्षेत्रमा अवस्थित रहेको छ । यस गाउँपालिकामा हाल ७ वटा वडाहरू रहेका छन् । गाउँपालिकाको केन्द्र वडा नम्बर ३, हेकुलीमा रहेको छ ।

**२.१.४ धरातलीय अवस्था:** धारातलीय हिसावले दंगीशरण गाउँपालिका नेपालको दाङ उपत्यकाको पश्चिमी भागमा पर्दछ । यो गाउँपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जङ्गल तथा जलाधार क्षेत्रको कमी नभएको यस गाउँपालिका भएर सानाठूला खोला तथा नदीहरू बग्ने गर्दछन् ।.

**२.१.५ प्राकृतिक सम्पदा:**प्राकृतिक स्रोतका हिसाबले यस गाउँपालिकामा बाँके राष्ट्रिय निकुञ्ज नजिक रहेको, सीमसार क्षेत्र, उत्तरतर्फ पहाडी भू-भाग तथा पूर्व-दक्षिणतर्फ समथर भू-भागले जोडिएको छ । यस गाउँपालिकामा पातुखोला, कलङ, अम्बापुर, हेकुली, कालाखोला, तिलकन्या खोला लगाएतका थुप्रै खोलानालाहरू रहेका छन् भने गाउँपालिकामा बनहरिया, सुजनियाँ, बुट्टिपुरताल र अन्य पोखरीहरू समेत रहेका छन् ।

**२.१.६ भाषा तथा सँस्कृति:** यस गाउँपालिका संस्कृति, कला, भाषा, तथा साहित्यको हिसाबले धनी रहेको छ । यहाँ थारु तथा ब्राम्हण/क्षेत्री समुदायको बाहुल्यता रहेको छ । भाषको दृष्टिले मुख्य रुपमा थारु तथा खस भाषा तथा संस्कृतिको सम्मिश्रण रहेको छ । धार्मिक रुपमा थारु तथा ब्राह्मण/क्षेत्रीहरुको वाहुल्यता रहेको कारण हिन्दु धर्मावलम्बीहरुले मान्ने चाडपर्वहरु दशै, तिहार, कृष्णाष्टमी, तिज, जनै पूर्णिमा, चैते दशैं, माघी आदि पर्व मुख्य रुपमा मनाउँने गरिन्छ । थारु समुदाय एक्लै बस्न रुचाउने हुँदा थारु वस्तीहरुमा प्राय: जसो गुज्मुज्ज परेको भूइतले घरहरू रहेको हुन्छ । तसर्थ यस्ता वस्तीलाई थारु समुदायको वस्ती भनेर सहजै अनुमान गर्न सकिन्छ । थारु समुदायमा महतौं, गुरुवा प्रथा हालसम्म पनि कायम छ ।

## २.२ गाउँपालिकाको जनसंख्या विवरण

**२.२.१ घरधुरी तथा जनसंख्या:** यस दंगीशरण गाउँपालिकामा जम्मा घरधुरी ५,३११ र जनसंख्या २६,२१९ रहेको छ, । यसमध्ये १२,८४७ महिला र १३,३७२ पुरुष रहेका छन् । यस गाउँपालिकाको वडा अनुसारको विवरण हेर्दा सबैभन्दा धेरै घरधुरी वडा नं. ६ रहेको देखिन्छ जहाँ ९१४ घरधुरी रहेका छन् भने सबै भन्दा कम वडा नं. १ मा ५७२ घरधुरी रहेका छन् । जनसंख्याको आधारमा वडा नं. ६ मा सबैभन्दा बढी ४,५३० जनसंख्या छ भने वडा नं. १ मा सबैभन्दा कम २७६५ जनसंख्या रहेको छ । जनसंख्या सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:

**तालिका २.१: घरधुरी तथा जनसंख्या**

| वडा नं. | वस्तीको नाम | घरपरिवार को संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | कालितारा, हाउरे, ठाँटी, मलै, बुर्केसाल, रहरपुर, बाँकी, रामपुर, गोल्टाकुरी, छर्कट्वा, गनारी | ५७२ | १३४१ | १४२४ | २७६५ |
| २ | गोल्टाकुरी, नारायणपुर, मधपुर, सरवाडाँडा, कामीटोल, सिमलकुना, बंगालपुर, सार्कीटोल, कौवाघारी, सिमतारा, सातटाकुरा, कलङ्ग खोला | ७११ | १७०३ | १७८० | ३४८३ |
| ३ | चितानपुर, पदमपुर, एकली, विजुलीपुर, रावतगाँउ, चखौरा | ७७७ | १९९० | २०१२ | ४००२ |
| ४ | सुकदेवा, बालुवा, बैबाङ, सरैया, मौली | ६१० | १५३७ | १६२९ | ३१६६ |
| ५ | सलौरा, लौवस्ता, खलुवाचिस, देवीगंज, डाँडाचिस, बालापुर, नन्दा गाँउ, कुर्री, कुमालगढी, पोटली | ८२२ | १९२१ | १९७७ | ३८९८ |
| ६ | लेटार, बागर, राजपुर, प्रसड्वा, थापगाँउ | ९१४ | २२१२ | २३१८ | ४५३० |
| ७ | सिमठानी, बुटनिया, बुद्धिपुर, वोकही, बाँका, रचपहल, श्रीगाँउ | ९०५ | २१४३ | २२३२ | ४३७५ |
| | **जम्मा** | **५३११** | **१२८४७** | **१३३७२** | **२६२१९** |

लैङ्गिकताको आधारमा घरमुलीको स्थिति हेर्दा कूल ५३११ घरपरिवारमध्ये पुरुष घरमुली हुने घरपरिवार संख्या ४६४८ (८७.५२ प्रतिशत) र महिला घरमुली हुने घरपरिवार संख्या ६६३ (१२.४८ प्रतिशत) रहेका छन् । गाउँपालिकाको कुल जनसंख्या २६,२१९ मध्ये २०.३२% जनताको मुख्य पेशा कृषि तथा पशुपालन, नोकरीमा रहेका २०.३२% व्यापार व्यवसायमा संलग्न १.८६%, बैदेशिक रोजगारमा रहेका ४.८६%, ज्याला मजदुरी गर्ने ४.४७%, गृहणी २२.३९% र बेरोजगार ६.२७% रहेको छ । १० वर्ष देखि ६० वर्ष उमेर समूहको आर्थिक क्षेत्रमा संलग्न जनसंख्या ४१३० रहेको देखिन्छ जस्मा महिला ५८८ र पुरुष ३,७८४ रहेको छ ।

## २.३ गाउँपालिकाको आर्थिक अवस्था

यस गाँउपालिकाको अर्थतन्त्रको मुल आधार कृषिक्षेत्र नै हो भने सहायक रुपमा बैदेशिक रोजगार रहेको छ । यहाँ पर्यटन व्यवसायको पनि उत्तिकै सम्भावना रहेको देखिन्छ । यस गाउँपालिकाको २०.३२ प्रतिशत मानिसहरु प्रत्यक्ष कृषि पेशामा संलग्न रहेका छन् । गाउँपालिका निवासीहरुले कृषि बाहेक ज्यालादारी तथा मौसमी रोजगार, व्यापार व्यवसाय, जागिर तथा अन्य आम्दानीबाट जीविकोपार्जन गर्ने गरेको पाईएको छ । यो गाँउपालिका अन्न बाली र तेलबाली उत्पादनको रुपमा अब्बल रहेको छ । तोरी बालीको व्यवसायिक उत्पादनमा जोड दिएर आय आर्जन गर्न सकिने सम्भावना छ । यहाँ लोपोन्मुख परम्परागत बालीहरुको उत्पादन प्रवर्द्धन पनि गर्न सकिने देखिन्छ । यो गाउँपालिका भित्री मधेशको जिल्ला भएकोले र यस क्षेत्रमा क्रमिक रुपमा विस्तार भईरहेको रणनीतिक तथा शहरी सडक सञ्जालका कारण यहाँ कृषि व्यवसायको बजारीकारणमा सहयोग पुग्न गएको देखिन्छ । यसैगरी पर्यटनतर्फ थारु संग्राहलय तथा थारु संस्कृति लगायत अन्य सम्भावित पर्यटकीय वस्तु पहिचान तथा प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिने देखिएको छ ।

**२.३.१ औसत आम्दानी तथा खर्च विवरण:** यस दंगीशरण गाँउपालिकामा बसोवास गर्ने ५३११ घरधुरीको औसत आम्दानीको विश्लेषण गर्दा एक तिहाई भन्दा धेरै अर्थात ३५.६६ प्रतिशत (१,८९४) घरधुरीको वार्षिक आम्दानी ५० हजार देखि १ लाख ५० हजार सम्म रहको देखिन्छ । दोश्रोमा १९.५४ प्रतिशत (१,०३८) घरधुरीको वार्षिक आम्दानी ५० हजार भन्दा कम देखिन्छ । वार्षिक २ लाख ५० हजार देखि ५ लाखसम्म आम्दानी हुने घरधुरी १८.४५ प्रतिशत (९८०), १ लाख ५० हजार देखि २ लाख ५० हजारसम्म आम्दानी हुने घरधुरी १७.२ प्रतिशत (९१४) तथा वार्षिक ५ लाखभन्दा बढी आम्दानी हुने घरधुरी जम्मा ३८ रहको छ भने ४४७ घरधुरीको तथ्याङ्क उपलब्ध छैन ।

कृषि पेशामा संलग्न २६४१ घरधुरीमध्ये बार्षिक ५० हजारभन्दा कम आम्दानी गर्ने घरधुरी १८७३, ५० हजार देखि १ लाख १५० हजार सम्म आम्दानी गर्ने घरधुरी ६५३, १ लाख ५० हजार देखि २ लाख ५० हजारसम्म आम्दानी गर्ने घरधुरी ६७, २ लाख ५० हजार देखि ५ लाखसम्म आम्दानी गर्ने ४५ र ५ लाख वा सोभन्दा बढी आम्दानी गर्ने घरधुरीहरु ३ रहेका छन् । आफैंले कृषि पेशा नगर्ने घरधुरीको संख्या २६७० रहेको छ ।

**२.३.२ औधोगिक कच्चा पदार्थ उत्पादनको अवस्था:** यहाँको वन जङ्गलमा आधारित प्रमुख कच्चा पदार्थहरुमा साल, सिसौ, खयर र बाँस पर्दछन् । साल, सिसौका काठहरू गाउँपालिकाका साथै अन्य छिमेकी जिल्लाहरूबाट आयात गर्ने गरेको पाइन्छ । गाउँपालिकामा उत्पादित बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन । तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिक रुपमा बाँसको प्रयोग गर्ने गरेको पाइन्छ । गाउँपालिकामा अवस्थित नदी खोलाबाट सामान्य रुपमा गिट्टी, बालुवाको उत्खनन् हुने गरेको पाईएको छ ।

**२.३.३ प्राबिधिक, सीपयुक्त तथा विशेष दक्षता भएको मानव संशाधन:** यस गाँउपालिकामा प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएको मानव श्रोतहरुको संख्या जम्मा ३५२ जना रहेको छ । यिनीहरुले कुनै न कुनै तालिम वा सीप सिकेका छन् र गाँउपालिकाको विकासमा महत्वपूण योगदान गर्न सक्ने देखिन्छ । ३५२ जनामध्ये सबैभन्दा धेरैले सिलाई, बुनाई, बुटिक, श्रृङ्गगार, पार्लर आदिको सीप सिकेका छन् भने, सूचना प्रविधि सम्वन्धी सीप भएका ४२ जना, इलेक्ट्रिसियन र निर्माण सम्वन्धी सीप भएका १७/१७ जना र पशु स्वास्थ्य सम्वन्धी सीप भएका १६ जना जनशक्ति रहेका छन् । यसैगरी कृषि प्रविधिक तालिम तथा अध्ययन गरेका १५ जना, जनस्वास्थ्य सम्वन्धी

११ जना, होटल सम्वन्धी १० जना, इन्जिनियरिङ, अटो मोवाइल र मेकानिक्स तथा प्लम्बर ६/६ जना रहेका छन् भने विपद व्यवस्थापन, कला, पर्यटन, टुर गाईड, ट्राभल र सत्कार सम्वन्धी सीप भएका कुनै पनि दक्ष जनशक्ति यस गाँउपालिका भित्र रहेका छैनन् ।

**२.३.४ गाउँपालिकाको भू-उपयोग तथा स्वमित्वः** नापी कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार यस गाँउपालिका भित्र जम्मा ११०.६५ वर्ग कि.मि. जमिन रहेको देखिन्छ । जसमध्ये आधाभन्दा धेरै अर्थात् ६०.४६ वर्ग कि.मि. (५४.६३ प्रतिशत) वन क्षेत्रले ओगटेको छ । कृषि क्षेत्रले ओगटेको जमिन ४३.३९ वर्ग कि.मि. (३९.२३ प्रतिशत) रहेको छ । सार्वजनिक र औद्योगिक क्षेत्रले ओगटेको जमिन नगन्य मात्रामा रहको छ ।

**२.३.५ सार्वजनिक पोखरी तथा माछापालनः** यस गाँउपालिका भित्र ३ वटा निजी र ४ वटा सार्वजनिक गरी ८ वटा पोखरीमा ५५ कट्ठामा माछा पालन गरिएको छ । माछा उत्पादनको हिसाबले ५ कट्ठाको पोखरीबाट औषतमा वार्षिक ६००० के.जी. का दरले उत्पादन हुने गरेको छ ।त्यसैगरी यस गाँउपालिकाको १४९५ हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध भएको देखिन्छ भने मौसमी सिंचाइको भरबाट सिंचित हुने जमिनको क्षेत्रफल ९२२ हेक्टर रहको छ ।

**२.३.६ कृषिजन्य उत्पादन तथा विक्रीः** यस गाँउपालिकाको ५३११ घरधुरीमध्ये आफ्नो कृषि उत्पादन बिक्रि गर्ने घरधुरी ३९८३ अर्थात् ७४.१५ प्रतिशत रहेको छ भने बाँकि २५.८५ प्रतिशत घरधुरीले आफ्नो कृषिबाली उत्पादन तथा विक्रिवितरण गर्ने गरेका छैनन् । यस गाँउपालिकामा जम्मा १४६७ विघा क्षेत्रफलमा अन्नबाली, ६९ विघामा दलहन, ४६ विघामा तरकारी खेती र तेलहन, ३४६ विघामा अन्य खेती हुने गरेको छ । यस गाँउपालिकामा आँप, अनार, अम्बा, नासपाती, सुन्तला/जुनार/कागती जस्ता फलफूलको पनि उत्पादन र विक्रिवितरण हुने गरेका देखिन्छ ।

**२.३.७ पशुपंछीजन्य उत्पादन तथा विक्रीः** यस गाँउपालिकामा कूल ५३११ घरधुरीमध्ये ६६.६७% ले पशु मात्र, १.५८% ले पन्छीमात्र, १२.०७% ले पशु र पन्छी दुबै पाल्ने गरेका छन् भने १९.६८% घरधुरीले कुनै पनि पशुपन्छी पाल्ने गरेको देखिदैन । पशुपालनको स्थिती विश्लेषण गर्दा खसी, बोका तथा बाखा र सुंगुर बंगुर पालेर मासु उत्पादन गर्ने र गाइ भैंसी पालेर दुध उत्पादन र विक्री वितरण गर्ने गरिन्छ । यस गाँउपालिका भित्र जम्मा ४२ वटा व्यावसायिक कृषि फर्महरु सञ्चालन भएको पाइएको छ जसमा ५७ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । जसमध्ये व्यवसायिक पशुपालन गर्ने फर्महरु १२ वटा रहेका छन् । गाउँपालिकाको ८ नं. वडा बगरमा रहेको एकमात्र कृषि हाटबजार हाल आंशिक रुपमा सञ्चालनमा रहेको छ ।

**२.३.८ पर्यटन विकासः** यस गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्रको रुपमा वडा नं. ३ चखौरामा रहेको थारु संग्रहालय हो जहां दुईवटा होमस्टेमा ९ वटा कोठा उपलब्ध रहेका छन् । यसका साथसाथै दंगीशरण गाउँपलिकाका प्रमुख पुरातात्विक, ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरूमा वाह्रवर्डिउन्हक लट्ठा, बुलबुल्या हेकुली, सिद्धभवन्तनाथ समाधी र अन्य ८ वटा मन्दिर र एक वटा चर्च रहेको देखिन्छ ।

**२.३.९ उद्योग व्यापारः** यस गाउँपालिकाका हेकुली, श्रीगाउँ, पोटली, बाँकी र बालापुर आदि स्थानीय बजार क्षेत्र हुन् । यस गाँउपालिका भित्र जम्मा १०२६ वटा उत्पादन तथा सेवामूलक उद्योग व्यवसायहरु देखिन्छ, जसमा किराना पसल, मासु पसल, कुटानी पिसानी उद्योग, निर्माणसेवा, कंकिट उद्योगहरु रहेका छन् । गाँउपालिका भित्र ५ वटा लघुवित्त र एउटा बैंक गरी ६ वटा वित्तीय संस्थाहरु रहेका छन् । यी मध्ये ११ वटा सहकारी संस्थाहरुमा १४६४ महिला र १४३ पुरुष गरी जम्मा १६०७ जना सदस्यहरु रहेको र ५ महिला र ४ पुरुष गरी जम्मा ९ जनाले प्रत्यक्ष रोजगारी पाएको देखिन्छ भने संस्थाको बचत रकम रु.६,८२,८३,०४१ रहेको देखिएको छ ।

## २.४ गाउँपालिकाको सामाजिक अवस्था

यस गाँउपालिकाको कुल जनसंख्याको ११.३३% निरक्षर रहेको छ । ४ वर्ष भन्दा माथीको जनसंख्या मध्ये सबै भन्दा धेरै ३५.५२% आधारभूत तह, २८.६५% जनसंख्या माध्यमिक तह र स्नातक तह उत्तीर्ण २.२४ प्रतिशत रहेका छन् । साधारण लेखपढ गर्ने जनसंख्या ९% र बाल विकास कक्षा पढ्ने जनसंख्या ४.९८% रहेको छ । यस गाँउपालिका भित्र जम्मा ८ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् । जम्मा ५३११ घरधुरी मध्ये ५३.७५% को

घरआँगनमै खानेपानी सुविधा उपलब्ध भएको छ भने ३०.५७% लाई १० मिनेटको दुरीमा, आधा घण्टा समय लाग्ने घरधुरी १३.७८% र एक घण्टा वा सोभन्दा बढी समय लाग्ने घरधुरीको संख्या १.८९% रहेको छ ।

गाँउपालिका क्षेत्रभित्र सरकारी स्वामित्वको जग्गामा तीनवटा खेल मैदान र एउट पिकनिक स्थल रहेका छन् । गाँउपालिका क्षेत्रमा विभिन्न आमा समूह, कृषि समूह, तथा परम्परागत समूहहरु रहेका छन् । आमा समूहको जम्मा संख्या ११ वटा रहेको छ भने कृषि समूह ६ वटा र परम्परागत समूह एउटा रहेको छ । गाँउपालिका भित्र जम्मा २५ वटा विभिन्न विषयगत समूह तथा संस्थाहरु रहेका छन् । जसमा ३७९ महिला र १०८ पुरुष गरी जम्मा ४८७ जना सदस्यहरु रहेका छन् ।

## २.५ वन वातावरण तथा बातावरणीय स्थिति

**२.५.१ वनको स्थितिः** यस गाउँपालिकाको कुल क्षेत्रफल ११०.७ वर्ग कि.मि मध्ये ४९.७१ प्रतिशत वन क्षेत्रको रुपमा रही आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ । यस गाँउपालिकामा २२ वटा सामुदायिक वन समूहहरु रहेका छन् । यी वनहरु मध्ये सबैभन्दा ठूलो १,३३२ हेक्टरको राजाकोट सामुदायिक वन र सबैभन्दा सानो २८ हेक्टर क्षेत्रफलको चिराघाट बबई दोभान सामुदायिक वन रहेको छ । सामुदायिक वनहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका २.२: सामुदायिक वन सम्वन्धी विवरण**

| क्र.स. | समादायिक वनको नाम | ठेगाना | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| १ | रानी जरुवा | वडा नं. ३, रावतगाउं | १७१ |
| २ | धैरहवा | वडा नं. ३, चखोटो | ८० |
| ३ | विजुलीपुर | वडा नं. ३, विजुलीपुर | ५२ |
| ४ | रानीवन | वडा नं. ३, | ६९७ |
| ५ | बैवांग | वडा नं. ३, बैवांग | १८० |
| ६ | विजलीपुर मैनहवा | वडा नं. ३, एकली | ५६ |
| ७ | चिराघाट बबई दोभान | वडा नं. ३, एकली | २८ |
| ८ | सरस्वती महिला | वडा नं. ३, | १०४ |
| ९ | नाइके डांडा | वडा नं. ३, मिरौली | १०६ |
| १० | लौवस्ता | वडा नं. ३, पदमपुर | ७१ |
| ११ | बबई | वडा नं. ३, पदमपुर | ५२ |
| १२ | बार बर्दिया | वडा नं. ३, | २९० |
| १३ | राजाकोट | वडा नं. २, केरावारी | १३३२ |
| १४ | तिलकन्या | वडा नं. १, | १४१ |
| १५ | बबई | वडा नं. १, छरकट्टा | १२८ |
| १६ | पाथीभरे | वडा नं. २, सिम्तारा | २९७ |
| १७ | बेलतडी | वडा नं. १, | ८३१ |
| १८ | कनरिया | वडा नं. १, बाँकिबेटारपुर | ६१६ |
| १९ | जनकल्याण | वडा नं. १, बाँकिबेटारपुर | ८४ |
| २० | महालक्ष्मि | वडा नं. १, बाँकि | १४८ |
| २१ | झुलुंगे | वडा नं. १, गोलटाकुरी | ४२ |
| २२ | सरजु | वडा नं. १, रामुपर | ७२ |
| | **जम्मा** | | **५,५७८** |

*स्रोतः जिल्ला वन कार्यालय, दाङ*

**२.५.२ जडिबुटीको उत्पादन, सङ्कलन तथा निकासीः** यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्मार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे,

भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन आदि जडिबुटीहरू सङ्कलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ। यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। यस गाँउपालिकाको वडा नं. १ लाई बाँके राष्ट्रिय निकुञ्जले छोएको र मध्यवर्ती क्षेत्र भित्र पर्दछ। यस क्षेत्रमा जम्मा १४५ घरधुरीहरु रहेका छन् भने मध्यवर्ती क्षेत्रको क्षेत्रफल जम्मा १४५८.४१ हेक्टर रहेको छ।

## २.६ भौतिक विकासको अवस्था

यस गाँउपालिकामा ६४.९% घरधुरीमा जस्तापाताको छानो, १५.४५% मा खवडाको छानो, १०.७८% घर आरसीसी ढलान भएका र बाँकीमा फुस, टायल र काठको छानो रहेको देखिन्छ। गाँउपालिकामा रहेका जम्मा ५३११ घरधुरीमध्ये एउटा मात्र घर हुने ४८३०, दुइवटा घर हुने ४४९ र तीनवटा वा सोभन्दा बढी हुने ३२ घर रहेका छन्। यस गाउँपालिकामा कुल घरधुरीमध्ये ९२ घरधुरीले आफ्नो घर वा कोठा भाडाको प्रयोजनको लागि दिएको देखिन्छ। जम्मा कूल घरधुरी मध्ये कालोपत्रे सडकसँग जोडिएका घरधुरीको संख्या ४२२, ग्राभेल सडकसँग जोडिएका घरधुरीको संख्या १९९९ वटा, धुले सडकसँग जोडिएका घरधुरीको संख्या २२३७ वटा रहेको छ। मोटर बाटोसँग नजोडिएका घरको संख्या ६५३ रहेको छ। यी घरहरुसम्म पुग्नको लागि गोरेटोबाटो मात्र उपलब्ध रहेको छ।

गाँउपालिका भित्र जम्मा ९४.८३ किलोमिटर सडक रहेको छ। जसमध्ये कालोपत्रे सडक ४३.७ कि.मि., ग्राभेल २१.६३ किलोमिटर र कच्ची सडक २९.५ कि.मि. रहेको छ। यहाँ बसोबास गर्ने जनसंख्याको खाना बनाउने इन्धनको प्रमुख श्रोत दाउरा र एल.पी. ग्यास रहेको छ। कूल परिवार मध्ये ४८.८१% ले इन्धनको रुपमा दाउरा र ४७.८३% ले एल.पी.ग्यास र बाँकीले वायोग्यास, गुँइठा, विद्युत तथा सौर्य उर्जा प्रयोग गर्दछन्। ४९९५ घरधुरीमा विद्युत सेवा पुगेको र ३१६ घरमा मा विद्युत सेवा पुगेको छैन। सवारी साधनको हिसाबले यस गाउँपालिका भित्र जिप/अटो ६७ वटा, टेम्पो २४ वटा, कार ६ वटा, ट्रक २ वटा, ट्याक्टर ६० वटा, र डोजर ९ वटा रहेका छन्।

**२.६.१ सरकारी स्वामित्वको जग्गाको विवरणः** गाउँ कार्यपालिकाको कार्यालय भवन रहेको दंगीशरण -३, हेकुली स्थित रहेको कित्ता नं. ५ ज ६२ को जम्मा क्षेत्रफल ७२८.०५४५ बर्ग मिटर तथा ऐ.ऐं स्थानमा रहेको कित्ता नं. ५ ज ६३ को २६५८.२४५५ बर्ग मिटर गरी जम्मा ३३८६.३ बर्ग मिटर अर्थात १० कठ्ठा जमिन गाउँपालिकाको स्वामित्वमा रहेको छ। साथै कतिपय वडा कार्यालय स्थापनाका लागि स्थानीय दाताहरुबाट दान स्वरुप प्राप्त भएको जग्गा सम्बन्धी एकिन तथ्याङ्क प्राप्त हुन सकेको छैन।

## २.७ सम्भावना र अवसरहरु

गाउँपालिकाको प्रमुख सम्भाव्यताको क्षेत्र भनेको कृषि हो। परम्परागत रुपमा रहेको कृषिलाई आधुनिकीकरण गर्न सकेको खण्डमा यसले रोजगारी तथा आर्थिक उन्नतिमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ। पर्यटन व्यवसाय यहाँको अर्को अवसरको क्षेत्र हो। गाउँपालिकामा रहेको थारु समुदायको संस्कृतिलाई प्रवर्द्धन गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सकिने प्रशस्त सम्भावना रहेको देखिन्छ। यातायात सेवा, शैक्षिक प्रशिक्षण केन्द्र, निर्माण सम्बन्धी उद्योग, वित्तीय सेवा, बैदेशिक रोजगार, बन पैदावारमा आधारित उद्योग जस्ता क्षेत्र आर्थिक विकासका थप सम्भाव्य क्षेत्रहरू हुन्।

## २.८ दंगीशरण गाउँपालिकाको संगठन संरचना र मानव संसाधनको अवस्था

यस गाउँपालिकाको संगठन संरचना अनुसार ५ वटा शाखा, १० उपशाखा, र एक आन्तरिक लेखापरीक्षण ईकाइ रहेका छन् । सेवा प्रवाहका लागि ७ वटा वडा कार्यालय, ८ वटा स्वास्थ्य चौकि/ स्वास्थ्य केन्द्र, कृषि तथा पशु सेवाकेन्द्र र विद्यालयहरु रहेका छन् । यस गाउँपालिकाको संगठनात्मक संरचना यसप्रकार रहेको छ:




गाउँपालिकाको कार्यपालिका तथा वडा कार्यालयतर्फ गरी प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासन, प्राविधिक, शिक्षा र लेखा गरी ५ जना अधिकृत र सहायक कर्मचारी १३ जना गरी जम्मा १९ जना कर्मचारीको दरबन्दी रहेको र हाल पदपूर्ति समेत भएको छ । यसैगरी वडा कार्यालयतर्फ १४ जना सहायक कर्मचारीको दरबन्दी रहेकोमा (७ जना अप्राविधिक र ७ जना प्राविधिक) सबै ७ वटै वडाहरुमा सहायक स्तर पांचौ तहका वडा सचिवहरु कार्यरत छन् भने एक वडासचिवले एकभन्दा बढी वडाको जिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्था छैन । यस गाउँपालिकाको सङ्गठन संरचना अनुसार प्रशासन योजना तथा अनुगमन शाखा अन्तर्गत राजश्व उपशाखा रहेको छ । यस शाखामा छैठौं तह अधिकृत स्तर १, ना.सु. १ र सहायक स्तर पाँचौं तहका १ जना गरी जम्मा ३ जना कर्मचारीको दरवन्दी रहेकोमा हाल छैठौं तह अधिकृत स्तरका एक जना कर्मचारी मात्र कार्यरत रहेका छन् । पर्याप्त जनशक्ति नरहेता पनि यस शाखाको साथै सबै वडा कार्यालयबाट समेत राजश्व असुलीको व्यवस्था मिलाइएको छ ।

## २.९ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था .

यस गाउँपालिकाको कार्यालय वडा नं. ३ हेकुली बजार स्थित आफ्नै भवनमा रहेको छ । कुल ७ मध्ये १ वटा वडा कार्यालयको मात्रै आफ्नै भवन रहेको र बाँकि ६ वटाले भाडाको कार्यालयबाट सेवा प्रदान गरिरहेका रहेका छन् । गाउँपालिका कार्यालय तथा सबै वडाहरूमा अति आवश्यक फर्निचर तथा औजार उपकरणहरु (कम्प्युटर, प्रिन्टर) र इन्टरनेट सुविधा रहेको छ । गाउँपालिकाको स्वामित्वमा जीप १, मोटरसाइकल १६, स्कुटर २, ट्याक्टर १, लोडर १ रहेका छन् । यस गाउँपालिका क्षेत्रमा सार्वजनिक, ऐलानी पर्ती जग्गाहरू रहेका छन् तर त्यस्तो जग्गाहरुको लगत उपलब्ध हुन सकेन ।

# परिच्छेद – तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकार र सोको कार्यान्वयनका लागि गाउँपालिकाबाट तर्जुमा गरिएका कानून र त्यस्तो कानूनको कार्यान्वयनबाट परिचालन भएको आन्तरिक आय सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था .

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको राजश्व अधिकार अन्तरगत स्थानीय तहले सम्पत्ति कर, घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्दछन् । त्यसैगरी गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्दछन् । राजश्व अधिकार सम्बन्धी  विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१: तहगत सरकारको राजश्व अधिकार**

| संघ | प्रदेश | स्थानीय तह | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन<br>• दण्ड जरिवाना | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोत : नेपालको संविधान, २०७२*

### ३.१.२ कानूनी व्यवस्था

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको राजश्व  अधिकारका सम्बन्धी व्यवस्था रहेको छ । यसमा करतर्फ सम्पत्ति कर, भूमीकर (मालपोत), व्यवसाय कर, घरजग्गा बहाल कर, जडीबुटी कबाडी र जीवजन्तु कर पर्दछन् । गैह्रकरतर्फ विभिन्न किसिमका सेवाशुल्क, दस्तुर तथा आफ्नो क्षेत्रभित्र संक्षिप्त वातावरणीय परीक्षण, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कनबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु विक्री र सामुदायिक वनको आय आदि रहेका छन् ।

**अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्थाः** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा स्थानीय तहको कर र गैरकर सम्बन्धी अधिकार र राजश्व बाँडफाँट र प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी विस्तृत व्यवस्था गरिएको छ । यस अनुसार गाउँपालिकाको आयका विभिन्न स्रोतहरुलाई तलको चित्रमा प्रस्तुत गरिएको छः

यस ऐनमा प्रदेश र स्थानीय तहको साझा अधिकारमा समावेश भएको सवारी साधन कर एकल कर प्रशासनको अवधारणा अनुसार प्रदेश सरकारले कर उठाई स्थानीय तहसँग बाँडफाँट गर्ने व्यवस्था रहेको छ । त्यसैगरी मनोरञ्जन करको दर प्रदेश सरकारले तोके बमोजिम स्थानीय तहले सङ्कलन गर्ने र विज्ञापन करको दर निर्धारण तथा सङ्कलन स्थानीय तहले नै गरी उठेको राजश्व बाँडफाँट गर्ने व्यवस्था रहेको छ । घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेश सरकारले तोक्ने र स्थानीय तहले सङ्कलन गर्ने प्रावधान रहेको भएपनि हाललाई नेपाल सरकारले तोकेबमोजिम मालपोत कार्यालयबाटै सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था गरिएको छ । यसरी साझा अधिकारकार क्षेत्रबाट उठेको राजश्व विभाज्य कोषमा राखी बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ । एकल कर प्रशासनबाट उठेको रकम बाँडफाँट सम्बन्धी व्यवस्था तल प्रस्तुत छ:




### तालिका ३.२: एकल कर प्रशासन अन्तर्गत उठेको राजश्व बाँडफाँड सम्बन्धी कानूनी व्यवस्था

| करका क्षेत्रहरु | दर र सङ्कलनको तारिका निर्धारण गर्ने | सङ्कलन गर्ने तह | राजश्व बाँडफाँड (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ४० | ६० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित दफा ५ र ६)*

साथै यस ऐनले संघ, प्रदेश र स्थानीय तहले गैर करको दर निर्धारण गर्दा वस्तु तथा सेवाको लागत, सञ्चालन र सम्भार खर्चको आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसबाहेकयस ऐनले प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा निम्न व्यवस्था गरेको छ:

### तालिका ३.३: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड सम्बन्धी कानूनी व्यवस्था (प्रतिशतमा)

| रोयल्टीका श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| बन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४, अनुसूची ४*

यस्तो रोयल्टी रकम मध्ये स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्सा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी समन्यायिक रुपमा वितरण गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट उठेको रकममध्ये संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% प्राप्त गर्ने गरी बाडँफाँड गर्ने व्यवस्था यस ऐनमा रहेको छ। यस सम्बन्धी व्यवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३.४: कर राजश्वको बाँडफाँड सम्बन्धी कानूनी व्यवस्था**

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, परिच्छेद ३ (६)*

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४:** यस ऐन बमोजिम आयोगले विभिन्न तहका सरकारबीच अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजश्वको बाँडफाँड गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संवैधानिक व्यवस्था समेत रहेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले २०७६/११/२९ को निर्णयानुसार आगामी ५ बर्षको लागि जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजश्व सङ्कलनका लागि गरेको प्रयाश, पूर्वाधार विकास तथा विशेष अवस्था जस्ता देहायका आधारमा प्रदेश तथा स्थानीय तहलाई राजश्व बाँडफाँड गर्ने गरेको छः

**तालिका ३.५: राजश्व बाँडफाँड सिफारिसका आधारहरु (प्रतिशतमा)**

| सि.नं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (भार प्रतिशतमा) |
|---|---|---|---|
| १ | जनसंख्या र जनसाङ्ख्यिक विवरण<br>कूल जनसंख्या<br>आश्रित जनसंख्या | <br>७०<br>३० | ६० |
| २ | क्षेत्रफल (भुगोल) | | १५ |
| ३ | मानव विकास सूचकाङ्क | | ५ |
| ४ | खर्चको आवश्यकता | | ५ |
| ५ | राजश्व सङ्कलनका लागि गरेको प्रयाश | | ३ |
| ६ | पूर्वाधार विकास<br>क. सडकको घनत्व (सडकमा पहूँच)<br>ख. विद्युतको सुविधा (विद्युतमा पहूँच) | <br>६०<br>१० | १० |

| सि.नं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (भार प्रतिशतमा) |
|---|---|---|---|
| | ग. सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहूँच)<br>घ. खानेपानीको सुविधा (खानेपानीमा पहूँच)<br>ङ. सरसफाई (शौचालयको उपलब्धता) | १०<br>१०<br>१० | |
| ७ | विशेष अवस्था<br>क. अपाङ्गता भएको जनसंख्या<br>ख. आर्थिक सामाजिक असमानता | <br>२०<br>८० | २ |
| | जम्मा | १०० | १०० |

यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सुत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ। यस अनुसार आयोगले प्रत्येक स्थानीय तहलाई गत आ.ब. २०७७/७८ मा न्यूनतम रु ३ करोड ५० लाख प्रदान गर्ने गरी नेपाल सरकारलाई राजश्व बाँडफाँड गर्न सिफारिस गरेको थियो।

## ३.२ स्थानीय तहको आन्तरिक आय




स्थानीय तहका सरकार अर्थात गाउँपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजश्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। यी राजश्वका स्रोतहरु सम्वन्धित व्यक्तिले प्रत्यक्ष रुपमा भुक्तानी गर्नुपर्ने किसिमका छन्। यसैले हरेक नागरिकले आफूले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने बिषयमा स्वभाविक रुपमा चासो र सरोकार राख्ने गर्दछन् र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नु पर्दछ।

**राजश्व परिचालन चक्र र प्रक्रिया**

स्थानीय तहमा राजश्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको राजश्व प्रशासन चक्र र प्रकृया पुरा गर्न आवश्यक हुन्छ:




माथि उल्लिखित विषयहरुलाई देहाय बमोजिम विश्लेषण गर्न सकिन्छ:

**(क) नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था:** यस अन्तर्गत ऐन, कानून, कार्यविधिहरुको तर्जुमा, नियमावली, निर्णयहरुको निर्माण तथा पुराना काम नलाग्ने निर्णयहरु खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजश्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था गर्ने जस्ता कामहरु समेत पर्दछन् ।

**(ख) करदाताहरुको गणना र दर्ता:**राजश्वको नक्साङ्कन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण जस्ता कामहरु यसमा पर्दछन् ।

**(ग) राजश्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान:** करयोग्य स्रोत निर्धारण र यस सम्वन्धमा सार्वजनिक छलफल गर्ने तथा चेतनामुलक गोष्ठीहरुको आयोजना गर्ने विषयहरु यसमा समावेश हुन्छन् ।

**(घ) कर सङ्कलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण:** करदाताले तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीका बारेमा आम संचारका माध्यमबाट प्रचार प्रसार गरी समय समयमा छलफल कार्यक्रमको आयोजना गर्ने विषय यसमा पर्दछन् ।

**(ङ) कार्यान्वयन, अनुगमन तथा आन्तरिक नियन्त्रण:** बिल र रसिद काटेको तथा कर सङ्कलन भए नभएको बारे सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही तथा अन्तिम लेखापरीक्षण बारे पनि जाँच गर्ने विषयहरु यसमा समावेश हुन्छन् ।

**(च) अभिलेखीकरण, प्रतिवेदन तथा उत्तरदायित्व वहन:** यसमा गाउँपालिकाको सेवा र राजश्वको आबद्धता, राजश्व सङ्कलन तथा यसको उपयोगको सार्वजनिकिकरण, करको किसिम र स्थानको आधारमा राजश्वको प्रतिवेदन र नियमित रुपमा राजश्व सम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने कार्यहरु पर्दछन् । यो चक्रका प्रत्येक खुडकिलामा गाउँपालिकाको राजश्व प्रशासन र अन्य प्रशासकीय व्यवस्थाका कर्मचारी, प्रमुख प्रशासकीय अधिकृतले कार्यको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । नगरप्रमुख, निर्वाचित पदाधिकारी तथा समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

## ३.३ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

दंगीशरण गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरुमा सम्पत्ति कर, मालपोत, व्यवसाय कर, सिफारिस, दस्तुर तथा अन्य सेवा शुल्क तथा दस्तुरहरु रहेका छन् । पछिल्ला तीन आर्थिक वर्षको आन्तरिक राजश्वको प्रस्तावित तथा यथार्थ आयबीचको तुलनात्मक अवस्थालाई तल प्रस्तुत गरिएको स्तम्भ चित्रमा देखाइएको छ:




*स्रोत: दंगीशरण गाउंपालिका*

मथिको तालिका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा गाउँपालिकामा आन्तरिक राजश्व ६८ लाख ५३ हजार ४ सय ५९ (गत बर्षको मौज्दात बाहेक) प्रस्ताव गरिएकोमा रु. ७८ लाख २० हजार ७ सय ५८ मात्र राजश्व प्राप्त भएको छ । यसरी अनुमान भन्दा करिव १० लाख बढी राजश्व प्राप्तीको मुख्य कारण भूमिकर, दस्तुर अनुमान भन्दा बढी उठ्नु देखिन्छ । साथै ब्यावसाय कर र खासगरी नदीजन्य पदार्थ (वालुवा, ढुंगा, गिट्टी) को ठेक्का लाग्न नसकी उक्त शिर्षकमा अनुमान भन्दा कम राजश्व उठेको देखिन्छ । प्रगतीशिल सिद्धान्तको आधारमा करको दर कायम तथा असुली गरेको कारण भूमिकरको आय वढ्न गएको देखियो । घरजग्गा रजिष्ट्रेशनको बढ्दो क्रमले पनि उक्त शिर्षकमा अनुमानभन्दा निकै बढी (तिन गुणा भन्दा बढी) राजश्व प्राप्ति भएको छ । गाउँपालिकाको आन्तरिक राजश्व बढोत्तरी भएता पनि जति प्रभावकारी रुपमा राजश्व उठ्नुपर्ने हो सो हुन सकेको छैन । यसको अर्थ गाउँपालिकाको राजश्व प्रशासन अझै पनि प्रभावकारी हुन नसकेको देखिन्छ ।

गाउँपालिकाले राजश्व प्रशासन प्रभावकारी हुन नसक्नुमा गाउँपालिकास्तरमा जनशक्ति न्यून हुनु, राजश्व शाखाको संस्थागत विकासको अभावमा प्रभावकारी ढङ्गले सञ्चालन हुन नसक्नु र वडास्तरमा काम गर्ने कर्मचारीको कमी भएकाले वडाबाट प्रभावकारी सेवा प्रवाह र राजश्व सङ्कलन कार्य संचालन गर्न नसक्नु जस्ता प्रमुख कारण देखिएका छन् । साथै गाउँपालिकाको राजश्व सुधार सम्वन्धी कार्ययोजना नहुनु पनि आन्तरिक राजश्व न्यून हुनुको अर्को मुख्य कारण हो । मालपोतको लगत अध्यावधिक नहुनु, करदाताहरुको पहिचान र विवरण सङ्कलन नहुनु, गाउँपालिकाको क्षेत्राधिकार भित्रका कर लगाउन सकिने सम्भाव्य क्षेत्रहरु जस्तैः सार्वजनिक तथा ऐलानी पर्ती जग्गा उपभोग गरेवापत कुनै किसिमको कर नउठाउनु, आवादी जग्गाको पनि लगत अद्यावधिक नभई सबै करदाताहरुको पहिचान हुन नसक्नु, पर्यटकीय क्षेत्रहरुको पहिचान, प्रचार प्रसार र विकास नहुनु, सामुदायिक वनलाई करको दायरामा ल्याउन नसक्नु पनि अन्य कारणको रुपमा रहेका छन् । गाउँपालिकाको राजश्वका स्रोतका आधारमा आन्तरिक आयको विगत तीन आ.व.को प्रस्तावित तथा यथार्थ विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३.६: आन्तरिक आयको बर्तमान अवस्था**

| राजश्व संकेत | राजश्व शीर्षक | आ.ब. २०७५/७६यथार्थ | आ.ब. २०७६/७७ यथार्थ | आ.ब. २०७७/७८ यथार्थ |
|---|---|---|---|---|
| **क.** | **कर राजश्व** | | | |
| ११३१३ | सम्पति कर | १,०८,०३५ | ६८,६३० | ८३,८०० |
| ११३१४ | मालपोत (भूमि कर) | १८,१६,८२२ | १४,१४,९८० | २३,८९,००२ |
| ११३२१ | घर जग्गा बहाल कर | ४३,६४६ | ५७,७४६ | १,८४,३५७ |
| ११४५६ | सवारी साधन कर (प्रदेशबाट बाँडफाँड भइ प्राप्त भएको) | - | - | - |
| | अन्य कर | ९,०७,०१२ | - | - |
| | **कर राजश्वको जम्मा** | **२८७५५१५** | **१५,४१,३५६** | **२६५७२५९** |
| **ख.** | **गैरकर राजश्व** | | | |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु) | - | १७,५३,६६४ | १३,३०,४६३ |
| ११३२२ | बहाल विटौरी शुल्क | - | - | - |
| १४२४२ | नक्सा पास दस्तुर | - | - | ६८,६०५ |
| १४२५३ | व्यवसाय दर्ता/नवीकरण शुल्क | - | ५९०० | ११६७०० |
| १४२४३ | सिफारिस दस्तुर | १६,७०,७०३ | १५,९१,७६१ | ३१,०३,९१९ |
| १४२४९ | अन्य दस्तुर | ३२,१५,८२०* | - | ८०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | - | ६३,१५० | १,२४,६५० |
| १४१९१ | पर्यटन शुल्क | - | - | १,५९,०६२ |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.ब. २०७५/७६यथार्थ | आ.ब. २०७६/७७ यथार्थ | आ.ब. २०७७/७८ यथार्थ |
|---|---|---|---|---|
| | दण्ड जरिवाना | ४,७०० | ५,००० | २५,५००० |
| १४५२९ | अन्य क्षेत्रको आय | - | - | ४,४०० |
| | **गैरकर राजश्वको जम्मा** | ४८,९१,२२३ | ३४,१९,४७५ | ५१,६३,५९९ |
| | **कुल जम्मा** | ७७,६६,७३८ | ४९,६०,८३१ | ७८,२०,७५८ |

*स्रोत : दंगीशरण गाउँपालिका*

** दूई आ.व. २०७४/७५ र २०७५/७६ को घरजग्गा रजिष्ट्रेसन दस्तुरको आम्दानी आ.व. २०७५/७६ मा एकमुष्ट अन्य दस्तुर शिर्षकमा आम्दानी बांधिएको देखिन्छ ।*

प्रस्तुत विवरण विश्लेषण गर्दा नक्सापासको कार्य कमजोर रहेको, व्यवसाय दर्ता नविकरण उत्साहजन रुपमा बढदै गएको र सिफारिस दस्तुर अति तलमाथी भएको देखियो । सिफारिश दस्तुर अघिल्ला बर्षहरुमा भन्दा कम हुनु र चालु बर्षको अनुमान पनि कमजोर देखिनुको कारण खोजी गरी सुधारको रणनीति लिनु पर्ने देखिन्छ ।

## ३.३ आन्तरिक राजश्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकामा धान, गहुँ, मकै जस्ता विभिन्न खाद्यान्न, अरहर, मसुरो, चना, भटमास, केराउ जस्ता दलहन, तोरी, आलस, सूर्यमूखी, भुसेतिल, तिल जस्ता तेलहन तथा अदुवा, बेसार जस्तो नगदेवालीको ठूलो सम्भावना छ । फलफूलहरुमा आँप, लिचि, अम्वा, नासपाती, कटहर, मेवा जस्ता फलफूल आदि उत्पादन हुने गर्दछ । यहाँ गाई, भैसी, भेडाबाखा, सुँगुर, बँगुर, हाँस कुखुरा, जस्ता पशु तथा पन्क्षी पालन अधिकांश घरधुरीमा पाइन्छ । धेरै जसो घरधुरीहरु कृषि तथा पशु उद्यम सञ्चालनमा आएका छन् । त्यसैगरी करिब ४५ वटा जति व्यावसायिक कृषि फार्म रहेको यस  गाउँपालिकामा उद्योग, दाना तथा ह्याचरी उद्योग, तेल तथा खाद्यान्न सम्वन्धी उद्योग सञ्चालनमा छन् । यस गाउँपालिकामा व्यापार, उद्यम, व्यवसाय तथा उद्योगको सम्भावना र अवसरहरु छन् । विद्यमान सडक सञ्जालले यहाँका व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनलाई बजारसम्म पुऱ्याउन सहज भएको छ ।

### ३.३.१ कर राजश्व

गाउँपालिकाको राजश्वका स्रोतहरु मध्ये कर राजश्व अन्तर्गत हाल परिचालन भइरहेको अवस्था, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यसप्रकार रहेका छन् :

### क. सम्पति कर

**सम्पत्ति कर सम्वन्धी कानूनी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल वरावरको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ । सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाएर वाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्नेछ । (स्पष्टीकरण: घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बरावरको थप जग्गा सम्झनु पर्दछ) । यसरी सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनु पर्ने व्यवस्था छ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलिन बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**सम्पत्ति करका सम्वन्धमा गाउँपालिकाको हालको अवस्थाको विश्लेषण**

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|

| | | |
|---|---|---|
| यस गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख भए अनुसार कच्ची घरहरु (पराल तथा छ्वालीका छानायुक्त) ३३५ वटा, अर्धकच्ची घरहरु (टायल, खपडा, टिन तथा जस्ताको छाना भएका) ४४९३, पक्की घर (ढलानको छाना भएका) ५७२ र अन्य घरहरु ११ गरी जम्मा ५३११ घरहरु रहेका छन् । यी घरहरुले ओगटेको औसतमा १ कठ्ठा जग्गा सम्पत्ति करको दायरामा आउँछ भन्ने अनुमानको आधारमा सम्पत्ति कर लगाएको देखिन्छ । आ.व.२०७७/७८ मा सम्पत्ति कर शीर्षकमारु. २ लाख १९ हजार ७ सय २२ रुपैयां प्राप्त हुने अनुमान गरेकोमा रु ८३ हजार ८ सय असुल भएको देखिन्छ । विगत ३ बर्षको अभिलेखमा यस शिर्षकमा गरिएको राजश्व प्रक्षेपण भन्दा यथार्थ आम्दानी निकै कम रहेको देखिन्छ । आ.व. ०७७/०७८ मा जम्मा २ वटा वडाबाट मात्र यस्तो कर संकलन भएको देखिन्छ । | करदाताको सम्पत्तीलाई विशेषतः जग्गाको वर्गिकरण र भवनको संरचनाको बनोट वा प्रकारलाई आधार मानी जग्गा रु १ देखी ८ लाख प्रति कठ्ठा र घरको संरचना अनुसार रु १०० देखि २,००० सम्म प्रति वर्ग फिट कायम गरि सोहि अनुरुप मूल्यांकन गर्दा बार्षिक १ देखि ३ प्रतिशत सम्मको दरले ह्रासकट्टी गर्ने गरी जम्मा मूल्यांकन निकालेको आधारमा न्यूनतम रु ३० कायम गरि प्रत्येक १० लाखको मूल्यांकनको प्रतिहजार २० पैसा देखी ७५ पैसासम्म थप करलाग्ने गरी दर कायम गरेको देखिन्छ । | गाउँपालिकाले आर्थिक ऐनमा तोके बमोजिम सम्पत्ति कर प्रयोजनका लागि घर जग्गाको मूल्यांकनका लागि करदाताले आफ्नो सम्पत्तीको प्रमाण सहित वडा कार्यालयमा पेश गर्नुपर्ने र तत् पश्चात सोहि प्रमाणलाई आधार मानी वडा कार्यालयले सो सम्पत्तिको मूल्यांकन गरी कर निर्धारण गरी दिने र यसै मूल्यांकनका आधारमा स्विकृत दर अनुसार कर बुझ्ने गरिन्छ । |

## संभावना विश्लेषण

| हालको मूल्य अनुसार सम्पत्तिको वर्गिकरण | वार्षिक दर औषत (रु.) | अनुमानित करदाता संख्या | सम्भाव्य रकम रु. |
|---|---|---|---|
| रु १ देखि ५० हजार सम्म | ५० | ७०० | ३५,००० |
| रु ५० हजार १ देखि २ लाख सम्म | ८० | १००० | ८०,००० |
| रु २ लाख १ देखि ५ लाख सम्म | १५५ | १००० | १,५५,००० |
| रु. ५ लाख १ देखि १० लाख सम्म | ३०५ | १००० | ३,०५,००० |
| रु. १० लाख १ देखि २० लाख सम्म | ६५५ | ५०० | ३२,७५०० |
| रु. २० लाख १ देखि ४० लाख सम्म | १४५५ | १९९ | २८,९५४५ |
| रु. ४० लाख १ देखि ७० लाख सम्म | २८०५ | ७० | १९,६३५० |
| रु. ७० लाख १ देखि १ करोड १० लाख सम्म | ४८०५ | ३२ | १५,३७६० |
| रु १ करोड १० लाख १ देखि २ करोड सम्म | १०२०५ | ५ | ५,१०२५ |
| रु २ करोड १देखि ५ करोड सम्म | ३१२०५ | ३ | ९,३६१५ |
| रु ५ करोड १ देखि १० करोड सम्म | ७१२०५ | १ | ७१,२०५ |
| | जम्मा | ४,५१५ | १७,५७,८५० |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ०७८/०७९ मा कुल सम्भाव्यताको ३० प्रतिशत संकलन हुने त्यसपछि ०७९/०८० मा ६० प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक २० प्रतिशतले बृद्धि हुने अनुमान । | १७,५७,८५० | ५,२७,३५५ | १०,५७,७१० | १४,०६,२८० | १७,५७,८५० |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |

- सम्पत्ति कर स्थीर सम्पत्तिमा लगाइने भएकाले कर तिर्न सक्ने क्षमता (Ability to pay)को सिद्धान्तका आधारमा कर लगाउनु पर्दछ ।
- ऐन, नियम, कार्यविधि, प्रशासनिक प्रकृया र पद्धतिलाई अनुशरण गर्दै कराधार, करको दायरा, मूल्यांकन, कर निर्धारण, संकलन, कार्यान्वयन र अभिलेखन जस्ता कार्यमा जोड दिनु पर्छ ।
- आर्थिक ऐन अनुसार आफ्नो सम्पत्तीको करको के कति दर अनुसार करदाताले आफूले कति कर तिर्नुपर्ने भन्ने स्पष्ट पार्न सक्नु पर्दछ । यसो हुन नसकेमा कर असुली न्यून हुनसक्छ ।
- हरेक घरधुरीको घरजग्गाको वास्तविक मूल्यांकन अनुसारको तथ्यांकमा आधारित करदाताको लगत तयारी के कति कर कहिलेसम्ममा बुझाईसक्नुपर्ने स्पष्ट रुपमा सूचित गर्ने ।
- एक पटक गरेको मूल्यांकन ३ बर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ । यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसुकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिस गर्दा परिवर्तन गर्न हुँदैन ।

## करको दर निर्धारणका आधार:

सम्पत्ति मूल्यांकन अनुसार कर निर्धारण गर्दा शुरु मूल्य रु. ५० हजार सम्म रु. ५०।- र त्यसपछि सम्पत्तिको मूल्य अनुसार थप प्रतिहजारको सम्पत्तिमा -।२० पैसा देखि सम्पतिको मूल्य बढदै जाँदा थप प्रति हजारमा रु. २।- सम्म बार्षिक कर लाग्ने गरी सम्पत्ति करको दर निर्धारण गर्नु उपयुक्त हुन्छ । यसरी सम्पत्ति कर लगाउन गाउँपालिकाले एक छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्नु उपयुक्त हुन्छ । यसमा घरमूली महिला वा महिलाको स्वामित्वमा सम्पत्ति भएमा केहि छुट दिने गरी आर्थिक ऐनमा व्यवस्था गर्न सकिनेछ ।

सम्पत्ति कर हिसाब गर्दा कार्य सरलताको लागि राजश्व शाखामा कम्पुटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी वा त्रुटीबाट हुने नकारात्मक असरलाई निराकरण गर्न सकिन्छ ।नमूनाको लागि देहायमा एउटा उदाहरण प्रस्तुत गरिएको छ ।

**तलिका ३.७: सम्पत्ति मूल्यांकन दर तालिका**

| सम्पत्ति मूल्यांकन अवस्था | मूल्यांकन रकम | कुल मूल्य | करको दर (000) | कर रकम रु. |
|---|---|---|---|---|
| १ देखि ५०,००० सम्म | ५०,००० | ५०,००० | न्यूनतम | ५० |
| ५०,००१ देखि २,००,००० सम्म | १५०,००० | २००,००० | ०।२ | ८० |
| २,००,००१ देखि ५,००,००० सम्म | ३००,००० | ५००,००० | ०।२५ | १५५ |
| ५,००,००१ देखि १०,००,००० सम्म | ५००,००० | १,०००,००० | ०।३ | ३०५ |
| १०,००,००१ देखि २०,००,००० सम्म | १,०००,००० | २,०००,००० | ०।३५ | ६५५ |
| २०,००,००१ देखि ४०,००,००० सम्म | २,०००,००० | ४,०००,००० | ०।४ | १,४५५ |
| ४०,००,००१ देखि ७०,००,००० सम्म | ३,०००,००० | ७,०००,००० | ०।४५ | २,८०५ |
| ७०,००,००१ देखि १,१०,००,००० सम्म | ४,०००,००० | ११,०००,००० | ०।५ | ४,८०५ |
| १,१०,००,००१ देखि २,००,००,००० सम्म | ९,०००,००० | २०,०००,००० | ०।६ | १०,२०५ |
| २,००,००,००१ देखि ५,००,००,००० सम्म | ३०,०००,००० | ५०,०००,००० | ०।७ | ३१,२०५ |
| ५,००,००,००१ देखि १०,००,००,००० सम्म | ५०,०००,००० | १००,०००,००० | ०।८ | ७१,२०५ |

| सम्पत्ति मूल्यांकन अवस्था | मूल्यांकन रकम | कुल मूल्य | करको दर (000) | कर रकम रु. |
|---|---|---|---|---|
| १०,००,००,००१ देखि २०,००,००,००० सम्म | १००,०००,००० | २००,०००,००० | १ | १७१,२०५ |
| २०,००,००,००१ देखि ४०,००,००,००० सम्म | २००,०००,००० | ४००,०००,००० | १।२५ | ४२१,२०५ |
| ४०,००,००,००१ देखि ७०,००,००,००० सम्म | ३००,०००,००० | ७००,०००,००० | १।५५ | ८८६,२०५ |

यसरी लगाइएको सम्पत्ति कर प्रगतिशील, दिगो, भरपर्दो र जनताको सम्पत्ति बढे अनुसार कर लाग्ने खालको हुने हुनाले जनसमर्थन समेत प्राप्त हुने हुन्छ ।

## ख. भूमिकर (मालपोत)

**भूमिकर (मालपोत) सम्वन्धी कानुनी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर ( मालपोत) लगाउनेछ भनिएको छ । आर्थिक ऐन, २०७५ ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरेको छ ।

### हालको अवस्थाको विश्लेषण

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको ब्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा जम्मा खेती योग्य जमीनमध्ये घरघडेरीलाई सम्पत्ति करको स्रोतका रुपमा लिएपछि बाँकी रहने जमिन जम्मा १,२१,७६२ कठ्ठामा यो कर लगाएको देखिन्छ । गाउँपालिकाले यस करवापत आ.व.२०७७/७८ मा रु. १९ लाख ४५ हजार ४ सय ६९ प्रस्तावित गरिएकोमा २३ लाख ८९ हजार २ रुपैयां आम्दानी गरेको छ । यो कर गाउँपालिकाका ७ वटै वडाहरुवाट उठेको देखिन्छ । | यस गाउँपालिकामा जग्गाको बर्गिकरण उत्पादकत्व, ब्यावसायीक महत्व, पूर्वाधारको अवस्था आदिका आधारमा "क""ख""ग""घ""ङ" र "च" मा विभाजन गरी जग्गाको स्वामित्वको आधारमा प्रति कठ्ठा रु १० देखि ४५ सम्म, प्रगतीशिल करको सिद्धान्तका आधारमा कम भूस्वामित्व हुनेलाई न्यून दर, र बढी भूस्वामित्व हुनेलाई क्रमशः उच्च मालपोतको दर तोकी असूली गरिएको छ । | गाउँपालिकाले आर्थिक ऐनमा तोके बमोजिम भूमिकर प्रयोजनका लागि जग्गाको मूल्यांकनका लागि करदाताले आफ्नो जग्गाधनि प्रमाणपूर्जा प्रमाण सहित वडा कार्यालयमा पेश गर्नुपर्ने र तत् पश्चात सोहि प्रमाणलाई आधार मानी वडा कार्यालयले सो जमिनको स्विकृत दर अनुसार कर निर्धारण गरि बुझ्ने गरिन्छ । |

### संभावना विश्लेषण

| क.सं. | जग्गाको किसिम | जग्गा धनिको अनुमानित प्रतिशत | अनुमानित क्षेत्रफल (बर्ग किमि) | औसत मालपोत दर प्रति कठ्ठा | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|---|
| १ | १० कठ्ठा सम्म रु १० प्रति कठ्ठा | २५ | ३०४४०।५१०१६ | १० | ३३१६०३।२४४४ |
| २ | १० कठ्ठा भन्दा बढि १ विगाहा सम्म रु १५ प्रति कठ्ठा | २५ | ३०४४०।५१०१६ | १६ | ४९७४०४।८६६६ |
| ३ | १ विगाहा भन्दा बढि २ विगाहा | २० | २४३५२।४०८१३ | २७ | ६६३२०६।४८८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्म रु २५ प्रति कठ्ठा | | | | |
| ४ | २ विगाहा भन्दा बढि ३ विगाहा सम्म रु ३५ प्रति कठ्ठा | १५ | १८२६४।३०६१ | ३८ | ६९६३६६।८१३२ |
| ५ | ३ विगाहा भन्दा बढि जतिसुकै रु ४५ प्रति कठ्ठा | १५ | १८२६४।३०६१ | ४९ | ८९५३२८।७५९८ |
| | जम्मा | १०० | १२१७६२।०४०६ | ० | २९८२०४५।१७३ |

**भुमिकर निर्धारणको विस्तृत विवरण अनुसूची १ (ख) मा दिईएको छ ।**

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| पहिलो वर्ष (आ.व.०७८/०७९ ) मा कुल सम्भाव्यताको ८० प्रतिशत संकलन हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुने अनुमान | 2982045 | 2385636 | 26,24,200 | 28,86,620 | 31,75,282 |

**सुधार गनुपर्ने पक्षहरु**

- खेती हुने जग्गाको मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिंचाई सुविधा र उक्त जग्गाबाट हुने बार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुन्छ
- कृषि बाहेक अन्य व्यवसायिक हिसाबले जमीनको उपयोग भएको हकमा त्यस्तो जमीनको व्यवसायिक महत्व, बार्षिक उत्पादन र प्राप्त हुनसक्ने भाडालाई दृष्टिगत गरी भूमिकर लगाउन सकिन्छ ।
- सवारी साधनचल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यवसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमीकर थप लगाउनु उपयुक्त हुने देखिन्छ । तर त्यस्ता प्लटहरुमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषिकार्यमा प्रयोग हुन्जेल यातायातको सुविधाको हिसाबले मात्र थप भूमीकर लगाउनु उपयुक्त हुन्छ, अर्थात थप भूमीकरको दर सामान्य हुनु पर्छ ।
- गाउँपालिकाले हाल अभ्यास गरेको मालपोतको शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमश दर बढाउँदै जाने नीति प्रगतिशील मालपोतको दर लगाउन उपयुक्त भएकोले यसलाई निरन्तरता दिनु उपयुक्त हुन्छ ।
- उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारी मार्फत गरिने सामुहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान, र महिलाका नाममा भएको कृषि जग्गामा स्थानीय कानून अनुसार ५० प्रतिशतसम्म छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।
- यसैगरी उद्योग प्रयोजन तथा व्यवसायिक कृषि तथा फलफूल र पशुपालन गर्ने लगाउने किसानलाई गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी प्रोत्साहन स्वरुप २५ प्रतिशतसम्म रकम छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।
- गाउंपालिकाद्धारा वर्गिकरण गरिएको जमिनअनुसार सबैभन्दा कम वर्गमा पर्ने जमिनलाई आधारमानि क्रकशः सो भन्दा माथीको वर्गमा पर्ने जमिनमा क्रमशः १० प्रतिशतले बृदिगरेर करको दर निर्धारण गर्ने ।

## कर निर्धारणको आधार

यस गाउँपालिकामा आर्थिक बर्ष २०७७।७८ मा जग्गाको बर्गिकरण उत्पादकत्व, व्यावसाययीक महत्व, पूर्वाधारको अवस्था आदिका आधारमा "क""ख""ग""घ""ङ" र "च" मा विभाजन गरी जग्गाको स्वामित्वको आधारमा

प्रति कठ्ठा रु १० देखि ४५ सम्म तोकिएको छ । जसमध्ये १० कठ्ठा सम्म जग्गा हुने जग्गा धनिलाई प्रतिकठ्ठा रु १० का दरले भूमिकर तोकिएको छ भने १० कठ्ठा भन्दा बढी १ विगाहासम्म जग्गाहुने जग्गा धनिलाई प्रतिकठ्ठा रु १५ तोकिएको छ । त्यसैगरि १ विगाहा भन्दा बढी २ विगाहा सम्म जग्गाहुने जग्गा धनिलाइ प्रतिकठ्ठा रु २५ तोकिएको छ, २ विगाहा भन्दा बढी ३ विगाहा सम्म जग्गा हुने जग्गा धनिलाइ प्रति कठ्ठा रु ३५ तोकिएको छ । ३ विगाहा भन्दा बढी जग्गाहुने जग्गा धनिलाइ प्रतिकठ्ठा रु ४५ तोकिएको छ । प्रगतीशिल करको सिद्धान्तका आधारमा कम भूस्वामित्व हुनेलाई न्यून दर, र बढी भूस्वामित्व हुनेलाई क्रमशः उच्च मालपोतको दर तोकी र असूली गरिएको छ । तर कर निर्धारण गर्दा भूमि वर्गीकरणलाई कुनै आभार मानेको देखिदैन । त्यसैले आगमी दिनमा कर निर्धारण गर्दा वर्गिकरण अनुसार कमसल वर्गको जमिनको आधार दरमा हरेक माथिल्लो वर्गका लागि ५ देखी १० प्रतिशतका दरले थप गर्दै लैजानु उपयुक्त देखिन्छ । उदाहरणका लागि १० कठ्ठा जमिन हुने हरेक बर्गका जग्गाधनिले तलको तालिकामा देखाईए अनुसारले करको दर निर्धारण गर्नुपर्ने देखिन्छ ।

### ग. घरजग्गा बहाल कर

**घरजग्गा बहाल कर सम्वन्धी कानूनी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**हालको अवस्थाको विश्लेषण**

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस गाउंपालिकामा जम्मा ५३११ घरमध्ये जम्मा ९२ घरहरु बहालमा लगाएको देखिन्छ । ति ९२ मध्ये पनि ७० ब्यावसायीक सटरहरु र २२ वटा आवशिय प्रयोजनकालागि बहालमा लगाइएको देखिन्छ । यस कर वापत गाउँपालिकाले आ.व.२०७७/७८ मा यस शीर्षकमा रु. १ लाख अनुमान गरेकोमा रु. रु. १ लाख ८४ हजार ३ सय ५७ असुल गरेको छ | औषतमा ब्यावसायीक सटरहरु मासीक ३,५०० र आवशिय प्रयोजनकालागि मासकि रु १,००० का दरले बहालमा लगाइएको देखिन्छ जस्को १० प्रतिशत गाउंपालिकाले कर लगाउंदछ । | गाउँपालिकाले आर्थिक ऐनमा तोके बमोजिम जम्मा वहालको १० प्रतिशत रकम घरधनीले घरबहाल कर तिन' पर्ने भनि दर तोकिएको छ । कुनै घरघनीले कुनै संघसंसथालाई बहाल दिएको हकमा संझौतामा उल्लेख भए अनुरुप उक्तसंस्थाले करवापतको रकम सम्वन्धित वडामा जम्मा गरिदिने गर्दछ भने ब्यवक्तिगत रुपमा बहालमा दिनेले घरधनि स्वयंले आफूले स्वघोषणा मार्फत जम्मा बहालको १० प्रतिशत कम कर वापत वडा कार्यालयमा बुझाउने गरिएको छ । |

**सम्भावना विश्लेषण**

| क्र.सं. | घरको वर्गीकरण | बहालमा गएका कुल संख्या | औषत मासिक वहाल दर | कुल वार्षिक वहाल रकम | बहाल कर दर % | कुल सम्भाव्य आय |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक प्रयोजनका भवन/सटरहरु | 70 | 3500 | 2,940,000 | 10 | 294,000 |
| ३ | आवासीय भवन/घरहरु | 22 | 1,000 | 264,000 | 10 | 26,400 |
| | **जम्मा** | **92** | | **32,04,000** | **10** | **3,20,400** |

| **करको प्रक्षेपण** | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| वहाल कर दोश्रो बर्ष कुल संभावनाको सवै संकलन हुने र त्यसपछिका आ.व.हरूमा १० प्रतिशतले बृद्धी हुदै जाने अनुमान | 320,400 | 73000 | 320400 | 352440 | 387684 |

**सुधार गनुपर्ने पक्षहरु**

- व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक वहालको दर अनुसारको लगत तयारी, व्यवसायिक तथा आवासीय प्रयोजनका लागि वहाल करको दर निर्धारण गर्ने ।
- यस गाउंपालिकामाविस्तारै बजार बृद्धिहुने क्रममा रहेकोले बहाल लिनेदिनेको संख्या क्रमशः बढ्दैजाने र यो कर गाउँपालिकाको दिगो करको श्रोत हुनसक्ने भएकाले अहिले देखिनै यसरी भाडादिने घरधुरीको छुट्टै विवरण तयार गरी करको दायरामा ल्याउनु पर्ने देखिन्छ ।
- विशेषतः निजि प्रयोजनका लागि घर, कोठा बहालमा लिनेदिने कार्यको अनुगमन गर्न व्यवहारिक कठिनाई हुनेहुँदा यो घरबहालमा दिएको नदिएको एकिन गर्ने, त्यस्को भाडादर पत्तालगाउने र यो कर उठाउने कार्य टोलविकास संस्था गठनभै कियाशिल भएको स्थानमा उनिहरुलाईनै जिम्मादिई त्यस्को निश्चित प्रतिशत टोल विकास संस्थाहरुको विकास तथा सुदृढिकरणका लागि उपलब्ध गराउने नीति लिनु उपयुक्त हुने देखिन्छ ।

## घ. व्यवसाय कर

**व्यवसाय कर सम्वन्धी कानूनी व्यवस्था** :स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

## हालको अवस्थाको विश्लेषण

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको ब्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा व्यवसाय कर खासगरी ब्यापार, ब्यबसाय र सेवामा ब्यवसायको प्रकृति तथा प्रकार जस्तै थोक, खुद्रा ब्यापारका आधारमा पुराना र नयाँ संचालन हुने ब्यवसायहरुलाई रु १०० दस्तुर लिई दर्ता गर्ने र नियमित बार्षिक करलिने लिने गरिएको छ । आ.ब. २०७७/७८ मा यस शिर्षकमा कुनैपनि रकम अनुमान नगरेको देखियता पनि रु. १ लाख १६ हजार ७ सय असुल भएको देखिन्छ भने आ.व. २०७८/७९ मा रु २ लाख ५० हजार अनुमान गरिएको छ । | यस गाउँपालिकामा ब्यवसाय कर खासगरी ब्यापार, ब्यबसाय र सेवामा ब्यवसायको प्रकृति तथा प्रकार जस्तै थोक, खुद्रा ब्यापारका आधारमा पुराना र नयाँ संचालन हुने ब्यवसायहरुलाई रु १०० दस्तुर लिई दर्ता गर्ने र नियमित बार्षिक करलिने लिने गरिएको छ । | गाउँपालिकाले आर्थिक ऐनमा तोके बमोजिम ब्यवसायहरुले दर्ता गर्दा जम्मा रु १०० गाउंपालिकाको राजश्व शाखामा बुझाई दर्ता गर्ने गर्दछन् भने वार्षिक कर आर्थिक ऐनमा तोके बमोजिम ब्यवसायको प्रकृती र प्रकारका आधारमा ब्यवसायीले गाउंपालिकाको राजश्व शाखामा जम्मागर्ने गर्दछन् । |

## संभावना विश्लेषण

गाउँपालिकामा रहेका कुल व्यवसाय संख्या ५३९ मानेर त्यसको पुँजीगत लगानी र वार्षिक कारोवारको आधारमा निम्न अनुसारको दर प्रस्तावित गरि अनुमान गरिएको । त्यसैगरि दर्ता तथा नविकरण दस्तुर रु १०० का दरले वार्षिक ५३,९०० अनुमान गरिएको छ

| क्र. सं. | पुंजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम | ब्यवसायहरुको अनुमानित संख्या | औषत करको दर | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | रु. १० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारसम्मको वार्षिक कारोबार | रु.५००/– | 90 | 500 | 45,000 |
| २ | रु. १० हजारभन्दा बढी रु. २० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्मकोवार्षिक कारोबार | रु.७५०/– | 30 | 750 | 22,500 |
| ३ | रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी | रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार | रु.१०००/– | 150 | 1,000 | 150,000 |
| ४ | रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी | रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मकोवार्षिक कारोबार | रु.२०००/– | 105 | 2,000 | 210,000 |
| ५ | रु.८० हजारभन्दा बढी रु.१ लाखसम्मको पुँजीगत लगानी | रु.४ लाखभन्दा बढी रु.५ लाखसम्मकोवार्षिक कारोबार | रु.३०००/– | 80 | 3,000 | 240,000 |
| ६ | रु.१ लाखभन्दा माथि रु.५ लाखसम्मको पुँजीगत लगानी | रु.५ लाखभन्दा बढी रु. २५ लाखसम्मकोवार्षिक कारोबार | वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ३०००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु. १ लाखमा रु. १००/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने | 50 | 4,000 | 200,000 |
| ७ | रु.५ लाखभन्दा माथि रु.१० लाखसम्मको पुँजीगत लगानी | रु.२५ लाखभन्दा बढी रु.५०लाखसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको | 12 | 5,500 | 66,000 |

| क्र. सं. | पुंजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम | ब्यवसायहरुको अनुमानित संख्या | औषत करको दर | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|---|---|
| | | | आधारमा थप गरी व्यवसाय कर लगाउने | | | |
| ८ | रु.१० लाखभन्दा माथि रु.२० लाखसम्मको पुंजीगत लगानी | रु. ५० लाखभन्दा बढी रु.१ करोडसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १५०/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । | 10 | 10,000 | 100,000 |
| ९ | रु.२० लाखभन्दा बढीको पुंजीगत लगानी | रु.१ करोडभन्दा बढीको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको जतिसुकै भए पनि प्रति रु. १ लाखमा रु. १७५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने | 12 | 15,000 | 180,000 |
| | **जम्मा** | | | **539** | | **1,213,500** |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाव्यता | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| चालु आवमा ६० प्रतिशत र आगामी बर्ष सत् प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक १० प्रतिशतले बद्धि हुने अनुमान | 12,13,500 | 728100 | 800910 | 881001 | 969101 |

**सुधार गनुपर्ने पक्षहरु**

- गाउँपालिका अन्तर्गतका हाल व्यापार, व्यवसायहरुलाई व्यवसायको प्रकृती तथा थोक, खुद्रा प्रकारका आधारमा मात्र करको दरहरु तोकिएकोमा आगामीदिनमा ब्यापार ब्यवसायहरुको पूँजीगत लगानी, र बार्षिक कारोवारका आधारमा विश्लेषण सो अनुसारको वार्षिक करको दर सभाबाट स्वीकृत गर्ने ।
- वडास्तरबाट कर असुली कार्यान्वयन गर्ने तथा गाउंकार्यपालिकाले अनुगमन गर्ने ।
- गाउँपालिकाद्वारा आर्थिक ऐनमा उल्लेख गरी व्यवसायकरमा निम्न अनुसारको कर छुटको व्यवस्थागर्ने
  - दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने व्यवसायमा ५० प्रतिशत छुट दिने
  - विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा सञ्चालन गर्ने रु.१० लाखसम्म पुंजी लगानीभएका उद्यम व्यवसायमा ५० प्रतिशत छुट दिने
  - कृषि व्यवसाय (पशु पालनसमेत), वन पैदावार र पर्या–पर्यटन सम्बन्धी उद्यम व्यवसाय, एकै घरका

एक भन्दा बढी परिवारका सदस्यहरुले दर्ता गरि संचालन गर्ने उद्यम व्यवसाय तथा सहकारीको स्वामित्वमा सञ्चालनगरिने उद्यम व्यवसायमा थप २५ प्रतिशतछुट दिने ।

## ङ. जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर

**जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग करसम्वन्धी कानूनी व्यवस्था** :स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

### हालको अवस्थाको विश्लेषण

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा उत्पादन हुने जडीबुटीका साथसाथै कवाडी सामान तथा प्रचलित कानून वमोजिम निषेधित नगरिएका मृत वा मारिएको जीवजन्तुको हाड, सीङ तथा छालाको निकासी शिर्षक अन्तर्गत आ.व.२०७६/७७ र २०७७/७८ मा रु ५ हजार अनुमान गरेकोमा कुनै राजश्व उठेको देखिदैंन । | यस गाउंपालिकाकावाट निकासीहुने उन, खोटो, जडिबुटि, बनकस वा कानून वमोजिम निषेधित नगरिएका मृत वा मारिएको जीवजन्तुको हाड, सीङ तथा छालामा प्रति केजी १० तथा अन्य कवाडि मालबस्तु निकासीमा बस्तु अनुसार १ देखी २ रुपैयां प्रतिकिलो करको दर स्विकृत गरिएको छ । | गाउँपालिकाले आर्थिक ऐनमा तोके बमोजिम यस्तो बस्तुहरुको निकासीमा करलिने गरिन्छ । आर्थिक ऐनमा यस कर संकलनको कार्यविधि गाउंपालिकाले तोके बमोजिम हुनेछ भनि उल्लेख गरेतापनि यस्को कार्यविधि तयार भएको पाईएको छैन । |

### संभावना विश्लेषण

गाउँ सभाबाट स्वीकृत दरहरु फरक फरक रहेको सन्दर्भमा औषत दर र परिमाण अनुमान गरी यस शीर्षक अन्तर्गत प्राप्त हुन सक्ने कुल राजश्व अनुमान गरिएको

| क्र.सं. | विवरण | अनुमानित परिमाण केजी (बार्षिक) | औषत दर (रु.) | सम्भाव्य आय (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | कवाडी तथा अखेटोपहार निकासी कर | 120000 | 3 | 3, 60,000 | मसिक १ ट्रक अर्थात १० टन अर्थात १० हजार के.जी. का दरले बार्षिक १ लाख २० हजार के.जी. |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| चालु आवमा ७० प्रतिशत र आगामी बर्ष सत् प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक १० प्रतिशतले बद्धि हुने अनुमान | 3,60,000 | 2,52,000 | 3,60,000 | 3,96,000 | 4,35,600 |
| सुधार गनुपर्ने पक्षहरु | | | | | |

- यहाँ जडिबुटि उत्पादन सम्भावना भएकोले यहाँका प्रत्येक सामुदायिक वन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना देखिन्छ ।
- यस कर संकलन सम्वन्धमा तुरुन्तै यस सम्वन्धि व्यवसायीहरुसंग छलफल गरि व्यवहारीक कार्यविधि तयार गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## च. साना सवारी कर

**साना सवारी करसम्वन्धी कानूनी व्यवस्था** :स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क) मा गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था रहेको छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस गाउँपालिका वा कुनैपनि साना सवारीले दर्ता तथा ईजाजत प्राप्त गरि संचालनमा रहेका छन् भन्ने कुराको तथ्य जानकारी गाउपालिकामा उपलब्ध भएको नदेखिएतापनि साना सवारी कर शीर्षक अन्तर्गत २०७६/७७ मा रु ६ हजार अनुमान गरेकोमा यस शिर्षकमा कुनै राजश्व उठेको देखिदैंन । त्यसपछि २०७७/७८ मा यस शिर्षकमा कुनै आम्दानी अनुमान गरिएको छैन र आम्दानी पनि भएको देखिदैन । आ.व. २०७८/७९ मा रु ५० हजार अनुमान गरिएको छ । | यस गाउंपालिका भित्र दर्ता तथा तथा ईजाजत प्राप्त ईरिक्सा, अटोरिक्सा आदि सवारी साधनमा दर्ताशुल्क रु ७०० लाग्ने र सवारीको प्रकारका आधारमा बार्षिक रु २०० देखि ५०० करको दर तोकिएको छ । | गाउँपालिकाले आर्थिक ऐनमा तोके बमोजिम सवारी धनि गाउंपालिकामा आई आफ्नो सवारी साधनको कागजात पेशगरि दर्ता गर्न र बार्षिक कर बुझाउन आएमा कर बुझ्ने व्यवस्था रहेको छ । |

### संभावना विश्लेषण

गाउँ सभाबाट स्वीकृत दरहरु तथा अनुमानित सवारी साधनको संख्या तथा यस्को निरन्तर बृद्धि हुनसक्ने आधारमा यस शीर्षक अन्तर्गत प्राप्त हुन सक्ने कुल राजश्व अनुमान गरिएको

| क्र.सं. | विवरण | अनुमानित संख्या (बार्षिक) | औषत दर (रु.) | सम्भाव्य आय (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | दर्ता शुल्क | 10 | 700 | 7,000 | |
| २ | बार्षिक कर | 10 | 350 | 3,500 | |
| | जम्मा | | | 10,500 | |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाव्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| चालु आवमा शत् प्रतिशत र आगामी त्यसपछि बार्षिक १० प्रतिशतले बद्धि हुने अनुमान | 10,500 | 10,500 | 11,550 | 12,705 | 13,975 |
| सुधार गनुपर्ने पक्षहरु | | | | | |

- यस गाउंपालिका भित्रका ईरिक्सा, अटोरिक्सा जस्ता सानासवारीहरुलाई दर्ताकालागि आह्वानगर्ने तथा उनीहरुको लगत कामय गर्ने र समयमै वार्षिक कर बुझाउनकालागि सुचना सम्प्रेषण गर्ने ।
- यस कर संकलन सम्वन्धमा तुरुन्तै यस सम्वन्धि व्यवसायीहरुसंग छलफल गरि व्यवहारीक कार्यविधि तयार गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## छ. विज्ञापन कर

**विज्ञापन करसम्वन्धी कानूनी व्यवस्था** :स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४(१) (ग) मा विज्ञापन करको दर निर्धारण र संकलन गाउँपालिकाले गर्ने व्यवस्था रहेको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा यस शीर्षक अन्तर्गत उल्लेख्य आम्दानी हुने देखिदैन र हालसम्म यस शिर्षकमा कुनै राजश्व उठेको पनि देखिदैंन । तर आ.व. २०७८/७९ मा रु. ५० हजार राजश्व अनुमान गरिएको छ । | विविध प्रकारका विज्ञापन सामग्रीमा त्यस्को आकार तथा संख्याका आधारमा वार्षिक तथा दैनिक रु २०० देखि ६०० सम्मकरको दर निर्धारण गरिएको छ । | गाउँपालिकाले आर्थिक ऐनमा तोके बमोजिम विज्ञापन सामाग्रीको उक्त विज्ञापनकर्ताले गाउंपालिकामा सम्पर्कगरि स्विकृत दर अनुसार कर बुझाउन सकिने व्यवस्था रहेको छ । यसरी बुझेको रकम संचितकोषमा दाखिलागरि ४० प्रतिशत प्रदेशलाई बुझाउनु पर्दछ । |

### संभावना विश्लेषण

गाउँ सभाबाट स्वीकृत विज्ञापन कर अन्तर्गतको परिणाम र दर निम्न वमोजिम परिमाण अनुमान गरिएका छ । गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन यहाँका बजार केन्द्रहरुमा विभिन्न व्यवसायिक निकायहरुले राख्ने विज्ञापनमा राख्ने सम्भावना रहनुका साथै भविष्यमा अझ बढ्दैजाने देखिन्छ ।

| क्र.सं. | विवरण | परिमाण (संख्या /बर्गफिट) | दर | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|
| १ | फ्लेक्स बोर्डवाट तगार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रतिबर्ष प्रति बर्ग फुट | 20 | 200 (वार्षिक) | 4,000 |
| २ | डिजिटल बोर्ड, ग्लोसाईन बोर्ड, स्टिकरवाट गरिने विज्ञापन प्रचार सामग्रीको प्रतिबर्ष प्रति बर्ग फुट | 20 | 300 (वार्षिक) | 6,000 |
| ३ | नियोन साईन र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रतिबर्ष प्रति बर्ग फुट | 20 | 200 (वार्षिक) | 4,000 |
| ४ | सवारीसाधनमा स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामग्रीका लागि प्रति वर्ष | 10 | 100 (वार्षिक) | 1,000 |
| ५ | सवारीसाधनको दायांवायां पट्टी अधिकतम २० वर्ग फुट सम्मको अस्थाई प्रकृतीको बोर्ड राखी गरिने विज्ञापनका लागि प्रति महिना रु ५० | 10 | 600 (वार्षिक) | 6,000 |
| ६ | खेलमैदान, मेला, जात्रा, पर्व, र अन्य यस्तै प्रकृतिका अनुमति लियर गरिने कार्यक्रममा गरिने विज्ञापन वापत सम्वन्धित आयोजकवाट प्रतिदिन | 30 | 300 (प्रतिदिन) | 9,000 |
| ७ | अन्य विज्ञापनका हकमा प्रतिवर्ष प्रति वर्गफुट | 100 | 200 (वार्षिक) | 20,000 |
| | **जम्मा** | | | **50,000** |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाव्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| आगामी आ.व.मा कुल सम्भावना अनुरुप नै विज्ञापन कर संकलन हुने र वार्षिक १०% ले बृद्धि हुने अनुमान । सो रकम मध्ये ६०% गाउँपालिकाको आय हुने । | 50,000 | 50,000 | 55,000 | 60,500 | 66,550 |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |
| • गाउँपालिकाक्षेत्रमा रहेका व्यापारिक, जानकारी र सूचना आदान प्रदान प्रयोजनका विज्ञापन सामग्रीहरुको लगत राखी करको दायरामा ल्याउनु पर्ने हुन्छ । यसबाट प्राप्त आम्दानीको छुट्टै अभिलेख राखी प्रदेशसँग बाँडफाँड गर्नुपर्ने हुन्छ । | | | | | |

## ३.३.२ गैर कर राजश्व

गाउँपालिकाको आन्तरिक राजश्वको महत्वपूर्ण स्रोत कर बाहेक सेवा शुल्क, दस्तुर, विक्रि इत्यादि बाट प्राप्त आय लगायतको गैर्रकर स्रोतपनि महत्वपूर्ण रहेको छ । यस गाउँपालिकामा यस्ता गैर्र करका स्रोत परिचालनबाट पनि प्रशस्त साधन परिचालन गर्न सकिने देखिन्छ ।

### क. अन्य बिक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)

**अन्य बिक्री सम्वन्धी कानूनी व्यवस्था** :संघीय कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

वन ऐन २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री सम्बन्धी मापदण्ड २०७७ ले सार्वजनिक खोला, नालाको आफ्नै निर्णयले, खानीक्षेत्रको सम्वन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरेक्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र विक्री गर्दा सम्वन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन् र विक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्वन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी गत २०७७ असार १ नेपाल र प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मीटरसम्म र खोलाको हकमा जतिसुकै भएपनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नुपर्ने र यस सम्वन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा के के बिषयलाई प्राथमिकता दिइ विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको थियो ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| गाउँपालिकाको ४९.७१ % वन क्षेत्र रहेको र बबई नदी तथा पातु खोला लगायत विभिन्न | गाउँपालिकाको ऐनमा यो विषय समाबेश गर्न छुट भएको देखिएता पनि | स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ( क) मा खानीजन्य तथा प्राकृतिक वस्तुको वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक |

| | | |
|---|---|---|
| भागबाट एक दर्जन भन्दा बढी खोलाहरु बगेको जस्वाट विशेषतः ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर बहत्तर संकलन र बिक्रीबाट कर असुलीगर्न सकिने संभावना रहेको छ । आ.व.२०७७/७८ मा रु. १९ लाख ८ हजार अनुमान गरेकोमा रु. १३ लाख ३० हजार ४ सय ६३ प्राप्त भएको देखिन्छ | विशेषतः ढुङ्गा, गिट्टी, बालुवा निकासीकालागि ढुवानीको साधनको भारबहन क्षमताको आधारमा प्रति ट्रिपको दरका आधारमा लिने गरिएको छ । | वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा गाउँपालिकाले विक्रिगर्न सक्ने व्यवस्था रहेको हुंदा यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खासगरि ढुङ्गा, गिट्टी, बालुवा निकासी गर्न सकिने क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण गरी त्यसकै आधारमा निश्चित परिमाणभन्दा बढि संकलन तथा निस्कासन नपाउने गरी बार्षिकरुपमा खुल्ला प्रतिस्पर्धाद्वारा ठेक्का मार्फत यो कर असुल गर्ने व्यवस्था रहेको छ । |

## संभावना विश्लेषण

प्राकृतिक तथा खानीजन्य वस्तु सम्बन्धी निम्न अनुसारको दर अनुसार निम्न अनुसार कर असुली गर्न सकिने संभावना रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर | सम्भावित आय (रु.) |
|---|---|---|---|---|---|
| १ | गिट्टी ढुंगा, वालुवा | घन फिट | 10,00,000 | 2 | 20,00,000 |
| | **जम्मा** | | | | 20,00,000 |

नोट : ६ चक्के टिप्पर ल.२६, चौ ९.८५, उ. ९.५ फिट हुने भएकोले २४३२.९५ घनफिट वा ६८.९० घन मिटर हुन्छ । (१ घमि वरावर ३५.३१ घफि)

| **करको प्रक्षेपण** | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाव्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| ढुङ्गा,गिट्टी, वालुवा आदि बिक्री बापत प्राप्त हुने कुल संभावनाको ७०% चालु आ.व. मा प्राप्त हुने अन्य वर्षहरुमा १० प्रतिशतका दरले बृद्धि हुने अनुमान | 20,00,000 | 14,00,000 | 16,00,000 | 18,00,000 | 20,00,000 |

**सुधार गनुपर्ने पक्षहरु**

- गाउँपालिका अन्तर्गतका अन्य प्राकृतिक वस्तुहरुको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनका लागि पहल गर्नुपर्ने हुन्छ ।
- नेपाल सरकारले हालै जारी गरेको ढुंगा गिट्टी बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री वितरण सम्वन्धी मापदण्ड २०७७ बमोजिम वातावरणीय परीक्षण तथा उत्खनन् र बिक्री वितरण गर्नुपर्ने देखिन्छ । यस कानूनको भावना अनुसार गाउँपालिकाले पनि आफ्नै आर्थिक ऐन मार्फत यसको दर निर्धारण गर्नुपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण पनि आफैले स्वीकृत गर्नुपर्ने देखिन्छ ।
- हालको आर्थिक ऐनमा यस सम्वन्धि व्यवस्था छुट भएको हुंदा, अविलम्व यसलाई निर्णय गरी समाबेश गर्नुपर्ने देखिन्छ ।

## ख. बहाल विटौरी शुल्क

**बहाल विटौरी शुल्क सम्बन्धी कानूनी व्यवस्था** :स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७गाउँपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस गाँउपालिकाको आर्थिक ऐन मा यसपालिकाको | गाँउपालिकाको आर्थिक ऐनमा | गाँउपालिकाको आर्थिक |

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| क्षेत्रभित्र आफैले निर्माण, रेखदेख वा संचालन गरेको बजार वा पसल वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा सडक वा बाटोको किनारामा बनेको संरचनामा वा विशेष मेला पर्वमा अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल गरिने छ भनि लेखिएतापनि यस सम्वन्धि अनुसूचिमा गाउ कार्यपालिकाले तोके बमोजिक उठाईने छ भनी लेखिएको र हालसम्म गाउं कार्यपालिकाले यस सम्वन्धि कुनै निर्णयपनि नगरेको अवस्था भएको हुंदा यस करवापत हालसम्म कुनै आम्दानी प्रस्तावपनि गरिएको छैन र आम्दानीपनि भएको देखिंदैन ।<br>विशेषतः बाटोको "राईट अफ वे" को जग्गा धेरैले उपभोग गर्ने गरेको देखियता यस वापत कर लिएमा उक्त ऐलानी पर्ती जग्गा उपभोग गर्दै आएका उपभोक्ताहरुले भविष्यमा उक्त जग्गा मागदावि गर्न सक्ने हुनसक्छ भन्ने सबै जन प्रतिनिधि तथा कर्मचारीको बुझाई रहेकोलेपनि उक्त जग्गाहरुको उपभोग शुल्क नलिएको देखिन्छ । | यस सम्वन्धि कुनै दर उल्लेख गरिएको छैन । | ऐनमा गाउ कार्यपालिकाले तोके बमोजिम यो कर उठाईने छ भनी लेखिएको तर कार्यपालिकाले यस सम्वन्धि कुनै निर्णय नगरेको हुंदा यस सम्वन्धि कुनै ठोस कर प्रशासनको ब्यवस्था रहेको देखिदैन । |

## संभावना विश्लेषण

विशेषतः बाटोको "राईट अफ वे" को जग्गा धेरैले उपभोग गर्ने गरेको देखियता पनि यस्तो जग्गाको तथा त्यस जग्गाको उपभोक्ताको लगत तयार गरी त्यस्लाई करको दायरामा ल्याई कर असुली गर्न सक्ने संभावना समेत रहेको देखिन्छ । तर यस्तो कर लिएमा उक्त ऐलानी पर्ती जग्गा उपभोग गर्दै आएका उपभोक्ताहरुले भविष्यमा उक्त जग्गा मागदावि गर्न सक्ने हुनसक्छ भन्ने सबै जन प्रतिनिधि तथा कर्मचारीको बुझाई रहेकोलेपनि उक्त जग्गाहरुको उपभोग शुल्क नलिएको देखिन्छ । तर प्रचलित ऐन, नियम अनुसार त्यस्तो मागदावी ठहर हुनसक्ने नदेखिएकोले यस्ता जग्गाको उपभोक्ताहरुवाट निम्न अनुसारको शुल्क लिन सक्ने संभावना रहेको देखिन्छ ।

| क्र.सं. | ऐलानी पर्ती तथा सार्बजनिक जग्गा उपभोग गर्दै आएका उपभोक्ताहरुको अनुमानित संख्या | औषत दर प्रति उपभोक्ता | सम्भावित आय (रु.) |
|---|---|---|---|
| १ | ६०० | 500 | 3,00,000 |
| | **जम्मा** | | **3,00,000** |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| हाटवजार विटौरी र सार्वजनिक जग्गाको वहाल विटौरी शुल्क हाल नभएको यस चालु आ.व. मा लगत अभिलेख, दररेट तथा प्रचार प्रसार गरि कुल संभाब्यताको २० प्रतिशत उठ्ने र आगामी बर्ष कुल बार्षिक संभाब्यताको सत प्रतिशत प्रतिशत उठ्ने त्यसपछि क्रमशः बार्षिक १० | 3,00,000 | 60000 | 3,00,000 | 3,30,000 | 3,63,000 |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| प्रतिशतले बृद्धिहुँदै जाने | | | | | |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |
| • सार्वजनिक, ऐलानी, पर्ति, सरकारी तथा सामुदायिक जग्गाको जग्गाहरुको खोजी गरी लगत तयार गर्ने ।<br>• यस सम्वन्भमा सबै सरोकारवालाहरुसंग छलफल गरि आर्थिक ऐनमा दर निर्धारण गरी सो वमोजिम राजश्व असुली गर्ने । | | | | | |

## कर निर्धारणको आधार

सार्वजनिक जग्गामा बनेका संरचनाहरुमा घरको क्षेत्रफल मापन गरी अन्य घरलाई लागेको सम्पत्ति कर सरह र भोगचलन गरेको जग्गाको क्षेत्रफल गणना गरी मासिक रुपमा प्रति धुर रु ५० सम्म बहाल बिटौरी शुल्क निर्धारण गरी असूल गर्न सकिन्छ । तर सार्वजनिक जग्गामा भूमिहिन, सिमान्तकृत व्यक्तिले समेत बसोबास गर्न सक्ने भएकोले त्यस्ता व्यक्तिलाई गरिबीको प्रमाणपत्र प्राप्त भएको आधारमा गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी यसरी लाग्ने शुल्कको ९० प्रतिशतसम्म छुट दिन सक्नेछ ।

## ग. नक्सापास दस्तुर

**नक्सापास दस्तुर सम्बन्धी कानुनी व्यवस्था :**स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेवमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको ब्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा पक्की घरहरु (RBC & RCC) संख्या हाल ५७२, कच्चि घरहरु ३३५, अर्धकच्चि घर ४,४९३ रहेका छन् ।यस गाउँपालिकाले नक्सापास दस्तुर आ.व.२०७७/७८ मा यस शिर्षक अन्तर्गत कुनैपनि रकम आम्दानी अनुमान नगरेतापनि रु. ६८ हजार ६ सय ५ असुली भएको पाइन्छ । साथै .२०७८/७९ मा यस शिर्षक अन्तर्गत रु ३ लाख रकम आम्दानी अनुमान गरिएको छ । | यस गाउंपालिकाको आर्थिक ऐन २०७८ अनुसार नयां निर्माणहुने आवाशिय तथा ब्यापारिक प्रयोजनका घरहरुमा घरको संरचनाको प्रकार अनुसार रु २ देखि रु ५ बर्गफिट निर्धारण गरिएको छ भने पहिले बनिसकेका घरहरुको अभिलेखिकरणको हकमा पनि घरको संरचनाको प्रकार अनुसार रु १० देखि १५ सम्म प्रति बर्गफिट दर तोकिएको छ । | घरको नक्सा डिजाइन स्विकृतिकालागि निवेदन दिईसके पश्चात नक्सा चेक जांच गरि ठिक भएमा तोकिएको दरमा नक्सापास दस्तुर लिई घरनिर्माणकालागि स्विकृत दिने गरिन्छ । |

## संभावना विश्लेषण

यस गाउँपालिकामा बजारीकरण बढ्दै गएकोले आगामी दिनमा घरहरुको निर्माणक्रम पनि बढ्दै जाने देखिन्छ र गाउँ कार्यपालीकाले राम्रोसंग पहलगरेमा पहिले बनाएका घरहरुको अभिलेखिकरण पनि बढ्दै जाने देखिन्छ र गाउँ सभाबाट स्वीकृत नक्सा पास दरहरु वमोजिम देहायका औषत वर्ग फिटका संख्या निर्माण हुने अनुमानका आधारमा कुल प्राप्त हुनसक्ने आय अनुमान गरिएको ।

| क्र.सं. | विवरण | प्रति वर्ग फिट दर रु. | औसत प्रतिघर वर्ग फिट | संभावित निर्माण संरचनाको (वटा) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|---|
| **१** | **नयां निर्माण हुने भवन** | | | **२९५** | 1,100,000 |
| १।१ | नयां निर्माण हुने आवशिय | 4 | 1200 | 100 | 4,80,000 |
| १।२ | नयां निर्माण हुने व्यापारिक | 5 | 1000 | 70 | 3,50,000 |
| १।३ | नयां निर्माण हुने पक्कि ईटाको गारो र टिनको छानो | 3 | 800 | 50 | 1,20,000 |
| १।४ | नयां निर्माण हुने टिन तथा टायलको छानो | 2 | 600 | 50 | 60,000 |
| १।५ | नयां निर्माण हुने ब्यावसायीक प्रयोजनको ट्रष्ट र टिनको छानो | 3 | 1200 | 25 | 90,000 |
| | **निर्माण भइसकेको घरको नक्सापास अभिलेखिकरण** | | | **572** | 1,00,86,000 |
| २।१ | निर्माण भइसकेको घरको नक्सापास अभिलेखिकरण आवाशिय | 15 | 1200 | 502 | 9,036,000 |
| २।२ | निर्माण भइसकेको घरको नक्सापास अभिलेखिकरण ब्यापारिक | 15 | 1000 | 70 | 1,050,000 |
| | **जम्मा** | | | **867** | **1,11,86,000** |

| **करको प्रक्षेपण** | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| चालु आ.व. मा कुल सम्भावनाको ४०% र त्यसपछि वार्षिक २०% ले बृद्धि हुदै जाने अनुमान गरिएको । | 1,11,86,000 | 44,74,400 | 67,11,600 | 89,48,800 | 1,11,86,000 |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |
| • गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गरी, पास गरे नगरेको अनुगमन समेत गरि भवनको प्रकृति अनुसार र निर्माण क्षेत्रको व्यवसायिक महत्वलाई पनि नक्सापास दस्तुर निर्धारण गरी कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ ।<br>• पहिले बनिसकेका घरहरुपनि जे जस्तो अवस्थामा छन् तिनिहरुको पनि निश्चित समय निर्धारण गरि निश्चित दर तोकि अभिलेखिकरण गर्न उपर्युक्त देखिन्छ । | | | | | |

## ङ. सिफारिस तथा प्रमाणित दस्तुर

**सिफारिस तथा प्रमाणित दस्तुर सम्बन्धी कानूनी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषयहरु उल्लेख भएका छन् । यी सिफारिस तथा प्रमाणित गरे वापत गाउँपालिकालाई दस्तुर प्राप्त हुन्छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|

| | | |
|---|---|---|
| यस शिर्षक अन्तर्गतको आम्दानी यस गाउँपालिकाको मुख्य आम्दानीको स्रोत मध्य एक हो । यस गाउंपालिकामा सिफारिस तथा प्रमाणित दस्तुर शीर्षक अन्तर्गत आ.व. २०७७/७८ मा रु. २५ लाख २६ हजार ६ सय ८० अनुमान गरिएकोमा रु ३१ लाख ३ हजार ९ सय १९ उठेको पाइन्छ । गाउंपालिकाले २०७८/७९ का लागि यस शिर्षकमा रु.२० लाख ८० हजार आम्दानी अनुमान गरेको छ। | यस गाउंपालिकाको आर्थिक ऐनमा उल्लेख भए अनुसार विविध प्रकारका सिफारिसहरुमा सिफारिसको प्रकृति अनुसार विभिन्न दर कायम गरिएको छ। | सिफारिसको प्रकृति अनुसार सिफारिसकालागि वडाकार्यालय वा गाउंपालिकाको कार्यालयमा आउने निवेदकसंग रित पूर्वक निवेदनलिई सोहि बमोजिमको सफिारिको स्विकृत दर अनुसार निवेदकसंग शुल्क लिई सिफारिस दिने गरिएको छ। |

## संभावना विश्लेषण

गाउँपालिकाले निम्न अनुसारको सिफारिस तथा प्रमाणित दस्तुरबाट आय गर्ने संभावना उच्च रहेको देखिन्छ। गाउंसभाबाट स्वीकृत दरहरु फरक फरक र निःशुल्क पनि रहेको सन्दर्भमा औषत दर र परिमाण अनुमान गरी यस शीर्षक अन्तर्गत प्राप्त हुन सक्ने कुल राजश्व अनुमान गरिएको ।

| क्र.सं. | विवरण | अनुमानित परिमाण (वार्षिक) | औषत दर (रु.) | सम्भाव्य आय (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | विविध सिफारिस दस्तुर | 3200 | 350 | 11,22,000 | दैनिक सरदर १२ सिफारिसले मासिक (२२ कार्यालय दिन) |
| २ | घरजग्गा मूल्यांकन, चारकिल्ला प्रमाणित तथा घरजग्गा सम्वन्धि अन्य सिफारिस | 2000 | 750 | 15,00,000 | दैनिक सरदर ८ सिफारिसले मासिक (२२ कार्यालय दिन) |
| | **जम्मा** | **5,200** | | **26,22,000** | |

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल वार्षिक सम्भाव्यता | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले बृद्धिहुने अनुमान | 26,22,000 | 20,80,000 | 26,22,000 | 28,84,200 | 31,72,620 |

**सुधार गनुपर्ने पक्षहरु**

- गाउँपालिका तथा वडाहरुबाट वार्षिक रुपमा कुन सिफारिस कति परिमाणमा हुन्छ भन्ने विगत वर्षहरुको आधारमा अनुमान गरी राजश्व प्राप्त हुने अनुमान गर्नु उपयुक्त हुन्छ ।
- साथै लक्षित समुदायलाई निश्चित प्रयोजनका लागि गरिने सिफारिस दस्तुरमा छुट तथा मिनाहा गर्ने नीतिलाई निरन्तरता दिन उपयुक्त हुन्छ ।

## च. घरजग्गा रजिष्ट्रेशन दस्तुर

**घरजग्गा रजिष्ट्रेशन दस्तुर सम्बन्धी कानुनी व्यवस्था** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्वन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस शिर्षक अन्तर्गतको आम्दानी पनि यस गाउँपालिकाको मुख्य आम्दानीको स्रोत मध्ये एक हो । यस गाउँपालिकामा यस शीर्षक अन्तर्गत आ.व.२०७७/७८ मा रु. ११ लाख ४६ हजार ५ सय ४१ अनुमान गरिएकोमा ३९ लाख ३ सय ७० उठेको पाइन्छ । यसरी यस्को अनुमान यथार्थपरक देखिदैन । | यस शिर्षक अन्तर्गतको करको दर प्रदेश सरकारले निर्धारण गर्ने गर्दछ र स्थानिय सरकारले सोहि दर अनुसार कर उठाई ६० प्रतिशत प्राप्त गर्दछ । | गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजश्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । हाल मालपोत कार्यालयबाट नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरिएको र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्वन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ |

## संभावना विश्लेषण

यस गाउँपालिकामा सडक पूर्वाधारहरु बन्ने क्रम बढ्दोरुपमा रहेको र सोहि अनुरुप बजारीकरण पनि बढिरहेको अवस्थामा जग्गाको किनबेच पनि बढ्दो क्रममा रहेको हुंदा यस शिर्षक अन्तर्गत कर उठ्ने संभावना रहेको देखिन्छ र यो शिर्षक गाउंपालिकाको दिगो तथा उच्च आयश्रोत मध्ये एक रहेको देखिन्छ ।

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाव्यता | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| आ.व. २०७७/७८ रु ३९ लाख उठेकोमा पहिलो वार्षिक १५ प्रतिशत बृद्धि हुने अनुमान | 40,00,000 | 4000,000 | 4600000 | 5290000 | 6083500 |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |
| • घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले बार्षिक रुपमा गरेको न्यूनतम मूल्यांकन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । गाउँपालिकाले यस्तो मूल्यांकन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस् भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ । | | | | | |

## छ. व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क

**व्यक्तिगत घटना दर्ता सम्बन्धी कानूनी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५

दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम विलम्व शुल्क लिने व्यवस्था रहेको छ । उक्त विलम्व शुल्क आन्तरिक राजश्वका रुपमा गाउँपालिकालाई प्राप्त हुन्छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको ब्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा आ.ब. २०७६/७७ र २०७७/७८ मा व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क शीर्षक अन्तर्गत क्रमश: ६३ हजार १ सय पचास र १ लाख २४ हजार ६ सय पचास असुली भएको देखिन्छ । | राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम विलम्व शुल्क लिने व्यवस्था रहेको छ । | समयमै ब्यक्तिगत घटना दर्ता गर्न प्रोत्साहन होस भन्ने भनसायले ऐनमा तोके बमोजिमको समयभन्दा ढिलागरि ब्यक्तिगत घटना दर्तागर्न आउने सेवाग्राह्यीसंग तोके बमोजिमको विलम्व शुल्कलिई व्यक्तिगत घटना दर्तागर्ने गरिएको छ । |

## संभावना विश्लेषण

यस शीर्षक वापत प्राप्त हुने आयमा हरेक वर्ष न्यूनीकरण गर्ने चाहना गाउँपालिकाले गर्नु पर्दछ । यो सुशासन संग जोडिएको विषय हो । यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुने भएतापनि गत आ.व.मा उठेको रकममा केहि थपगरि  अन्य वर्षमा प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुने भएतापनि गत आ.व.मा उठेको रकममा केहि थपगरि नै अन्य वर्ष प्राप्त हुने प्रक्षेपण गरिएको छ | 150000 | 1,24,650 | 150000 | 165000 | 181500 |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |
| • व्यक्तिगत घटना दर्ता विलम्व शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्न तथा यसको दर स्पष्ट रुपमा निर्धारण गर्न उपयुक्त हुने देखिन्छ ।<br>• विपन्न तथा सिमान्तकृत समुदायलाई विलम्ब शुल्कमा विशेष छुटको व्यवस्था गर्न सकिन्छ । व्यक्तिगत घटना दर्ता कार्य विकास तथा सामाजिक सुरक्षाका विभिन्न कार्यक्रममा महत्वपूर्ण रहेकाले यस्को अनिवार्य दर्ताकालागि ब्यापक जनचेतना जगाउनु जरुरी देखिन्छ | | | | | |

## ज. सेवा शुल्क (पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय सडक पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

**सेवा शुल्क सम्बन्धी कानूनी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, र्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ ।यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा आ.ब. २०७६/७७ मा मात्र यस शीर्षक अन्तर्गत रु ५० हजार अनुमान गरिएको देखिन्छ तर कुनै रकम उठेको देखिंदैन । त्यसैगरि अन्य आ.व.हरुमा अनुमान पनि गरिएको छैन र रकमउठेको पनि देखिदैन । | यस सम्वन्धमा यस गाउंपालिकाको आर्थिक ऐनमा कुनैकुरा उल्लेख गरिएको छैन । | यस सम्वन्धमा यस गाउंपालिकाको आर्थिक ऐनमा कुनैपनि कुरा उल्लेख नगरिएको हुंदा यस सम्वन्धि कर प्रशासनको व्यवस्था समेत उल्लेख गरिएको छैन । |

**<u>शुल्कको सम्भावनाः</u>**

गाउँपालिकाले पर्यटन प्रवर्द्धनका लागि मेला, उत्सव, समारोह, घरबास (होमस्टे) लगायतका उपयुक्त कार्यक्रमहरु सञ्चालन गरी आर्थिक गतिविधि बढाउन सक्ने संभावना छ । यहाँको चखौराको थारु संग्रहालय, सिद्ध भवन्तनाथ समाधी लगायतका ठाउँ तथा चखौरा होमस्टे पर्यटन प्रवर्द्धनको महत्वपूर्ण सम्भावना बोकेको सम्पदा हो । तर यस्ता क्षेत्रबाट तत्काल शुल्क उठाउन शुरु गर्दा पर्यटन प्रवर्द्धन र स्थानीय आर्थिक विकासमा पर्न सक्ने नकारात्मक असर समेतलाई ध्यानमा राखी हाललाई यस क्षेत्रबाट आन्तरिक आय प्राप्त हुने अनुमान गरिएको छैन ।

**<u>सुधार गर्नुपर्ने पक्षहरुः</u>**

गाउँपालिकाले स्थानीय आर्थिक विकास हुनसक्ने क्षेत्र पहिचानका लागि अध्ययन तथा विश्लेषण गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले स्थानीय वासिन्दाहरुको आवश्यक सेवाहरु पहिचान गरी त्यसका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्माण सम्पन्न भएका स्थानीय पूर्वाधारहरुको उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । साथै यीमध्ये कुनै शीर्षकमा उल्लेख्य आय प्राप्त हुने अवस्था भएमा सोको छुट्टै शीर्षकमा आम्दानी जनाउने गर्नाले राजश्व प्रशासन सहज हुनुका साथै प्रभावकारी र पारदर्शी पनि हुन्छ ।

## झ. न्यायिक दण्ड, जरिवाना, जफत

**न्यायिक दण्ड, जरिवाना, जफत सम्बन्धी कानूनी व्यवस्था :** संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|
| यस गाउँपालिकामा दण्ड, जरिवाना, जफत शीर्षक अन्तर्गत अनअधिकृत रुपमा ढुंगा, | यस गाउंपालिकाले आर्थिक ऐनमा व्यवस्थागरि पशुपंक्षी छाडा छाड्ने | विशेषत विभिन्न करको विलम्व शुल्क वाहेक अन्य |

| | | |
|---|---|---|
| गिट्टी, बालुवाको उत्खनन् वा ओसारपसार गर्ने, अनुमति प्राप्त प्लटिङ बाहेकका अन्य खेतीयोग्य जमिन बांझो राखेमा, बनमा डढेलो लगाएमा भन्ने शिर्षक मा दण्ड जरिवाना तोकिएको छ । आ.व.२०७७/७८ यस शिर्षक अन्तर्गत १ लाख ९४ हजार ४ सय ३६ आय अनुमान गरिएकोमा रु २ लाख ५५ हजार प्राप्त भएको देखिन्छ । त्यसैगरि गाउंपालिकाले आ.व. २०७८/७९को लागि रु ४ लाख १५ हजार राजश्व अनुमान गरेको छ । | देखि ढुङ्गा, गिट्टी,वालुवाको अवैध उत्खनन् वा ओसारपसार, निर्माण सामग्री सडकमा थुपार्ने, खोलामा करेन्टलगाई माछा मार्ने, बनमा जानाजान डढेलो लगाउने, नक्सापास नगरि घरनिर्माण गर्ने तथा अन्य विभिन्न करहरु समयमा नबुझाउने व्यक्तिहरुलाई दण्ड जरिवानाका विभिन्न दर तोकेको छ । | दण्ड जरिवाना तोकिएका घटनाको जानकारी आएमा प्रहरी प्रशाशनको सहयोगमा उक्त घटना घटाउने वा त्यस्ता कार्य गर्ने ब्यक्तिलाई पक्राउगरि तोकिए बमोजिम दण्ड जरिवाना असुल उपर गर्ने गरिएको छ । |

**आयको सम्भावनाः**

गाउँपालिकाले दण्ड, जरिवाना, जफत शीर्षक वापत प्राप्त हुने आयमा हरेक वर्ष न्यूनीकरण गर्ने चाहना लिनु पर्दछ । यो सुशासन सँग जोडिएको विषय हो । यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ ।

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| आगामी वर्षदेखि रु ३ लाख आम्दानी हुने प्रक्षेपण गरिएको । | 3,00,000 | 4,15,000 | 3,00,000 | 3,00,000 | 3,00,000 |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |
| • नेपाल सरकारबाट स्वीकृत आम्दानीका शीर्षक अन्तर्गत दण्ड, जरिवाना, जफत शीर्षक रहेको हुनाले गाउँपालिकाले विगत वर्षहरुको आधारमा अनुमान गरी आम्दानी गर्दा कुन शीर्षकबाट कति आम्दानी भयो भन्ने स्पष्ट हुन्छ । साथै दण्ड जरिवानाका दरहरु पनि निर्धारण गरी राख्दा जनतालाई कानून पालनामा सजगता पनि बृद्धि हुन जाने भएतापनि समयमा अनुगमन, सुपरिवेक्षण तथा सुशासन कायम गरि दण्ड जरिवाना गर्नुपर्ने अवस्था सिर्जना नहुने वातावरण वनाउने तर्फ पहल गर्नु जरुरी देखिन्छ । | | | | | |

## ञ. सामुदायिक वनबाट प्राप्त रकम

सामुदायिक वनको आय सम्बन्धी कानूनी व्यवस्थाः स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोछ ।

यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्वन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्चगरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्वन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।

| विद्यमान अवस्था | दर विश्लेषण | कर प्रशासनको व्यवस्था |
|---|---|---|

| | | |
|---|---|---|
| यस गाउंपालिकामा जम्मा २२ वटा सामुदायिक रहेका छन जस्को कुल क्षेत्रफल ५,५७८ हेक्टर रहेको छ । वनबाट गाउँपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकार सञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतमा आम्दानी भएको थिएन । र यस सम्वन्धि कर्मचारी तथा पदाधिकारीमा स्पष्टता नभएकाकारण पनि आ.व.२०७८/७९ मा यस शिर्षकवाट कुनैपनि आय प्राप्तगर्ने अनुमान गरिएको देखिदैन । | विभिन्न अध्ययन अनुसार सामुदायीक वनहरुले औषतमा प्रतिहेक्टर रु ६५० आम्दानी गर्ने गरेको देखिन्छ । उक्त आम्दानीको १० प्रतिशत रकम गाउंपालीकाले प्राप्त गर्नसक्ने देखिन्छ । | हाल सम्म यस सम्वन्धमा कुनै कार्य नभएकोले यस सम्वधि कार्यविधि तोकि व्यवस्था गर्नुपर्ने देखिन्छ । |

## संभावना विश्लेषण

| करको प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| प्रक्षेपणको आधार | कुल बार्षिक सम्भाब्यता | आ.ब. २०७८।७९ | आ.ब. २०७९।८० | आ.ब. २०८०।८१ | आ.ब. २०८१।८२ |
| यस वर्ष कुल संभावनाका सत्प्रतिशत र आगामी वर्ष देखि वार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान गरिएको | 3,62,570 | 3,62,570 | 3,98,827 | 4,38,709 | 4,82,580 |
| **सुधार गनुपर्ने पक्षहरु** | | | | | |

- स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाझिएको हो की भन्ने देखिएता पनि सामुदायिक वन समूहसँग सहमति गरी दुबैलाई फाइदा हुनेगरी व्यवस्थापन गर्न सकिने देखिएतापनि सामुदायिक वन समूहले गाउँपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत गाउँपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानूनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ । यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरुसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ ।
- सामुदायिक वन उपभोक्ता महासंघ, वन कार्यालय र स्थानीय तहका वीचमा समान धारणा नभएको अवस्था हुनाले नीगित तहदेखि नै स्पष्टता हुन आवश्यक देखिन्छ । साथै सामुदायिक वन समितिलाई गाउँपालिकाले प्राप्त गर्ने आयबाट गरिने विकासका क्रियाकलाप सम्बन्धमा विश्वस्त बनाई उक्त रकम स्थानीय कोषमा जम्मा गर्न पहल गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिकाको क्षेत्रमा रहेका सबै सामुदायिक वनको अभिलेखीकरण गर्ने, कार्य योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने, वन संरक्षण र विकास तथा जडिबुटी खेती, कृषि वनलगायतका जीविकोपार्जन सम्वन्धी क्रियाकलापहरुको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने, वन संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि स्वीकृत गरी लागु गर्नुपर्ने देखिन्छ ।

यसरी दंगीशरण गाउँपालिकामा आन्तरिक राजश्वका विभिन्न शीर्षकहरुमा थप साधन परिचालन हुने सम्भावना रहनुका साथै उद्योग व्यवसायलाई स्थानीय कर तथा सेवा शुल्कमा विशेष छुट प्रदान गरी उद्योगी व्यवसायीलाई आकर्षित गर्दै औद्योगिक ग्राम, स्थानीय हाट बजार तथा कृषि संकलन केन्द्रहरुको विकास तथा आर्थिक विकास र रोजगारी सिर्जनामार्फत आन्तरिक राजश्वका स्रोतहरुको दायरा बृद्धि गर्ने सम्भावना देखिन्छ । यसबाट विपन्न तथा सिमान्तकृत समुदाय, महिला, वालवालिकामा हुने जोखिम न्यून हुने, रोजगारीको अवसर सिर्जना हुने र जीवनस्तरमा सुधार गर्न सहयोग पुग्ने हुन्छ ।

# परिच्छेद – चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

गाउँपालिकाले राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ । यसबाट गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्य पहिचान गर्न मद्दत पुग्नेछ ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाले राजश्व परिचालनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन लिएका नीतिहरु यसप्रकार रहेका छन् :

- गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शााखा वा ईकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाइने छ । त्यसको लागि आवश्यक पर्ने कागजात, लाग्ने समय, प्रकृया र दस्तुर समेतको जानकारी हुने गरी मोबाइल एप्सको निर्माण गरिने छ । यस्तो एप्सलाई गाउँपालिका सम्बन्धी जुनसुकै जानकारी प्राप्त गर्न सकिने स्रोतका रुपमा स्थापित गरिने छ ।
- राजश्व परामर्श समितिबाट अपेक्षा अनुरुप राजश्व असुली भए नभएको चौमासिक रुपमा समीक्षा गरी परिचालन तथा प्रभावकारी उपायहरुको आबलम्वन गरिने छ ।
- राजश्व प्रशासनलाई सुदृढ बनाउन शाखामा विद्युतीय उपकरण, सफ्टवेयर जडान तथा जनशक्तिको क्षमता विकास र वडाबाट संकलन हुने राजश्वलाई अनलाईन प्रणालीमा आवद्ध गराइने छ ।
- करका स्रोत र करदाताको लगत अद्यावधिक गरी राजश्व सुधार गरिने छ ।
- “मेरो विकासका लागि कर” भन्ने अभियानका लागि करदातालाई कर तिर्ने भावना विकास गर्न करदाता शिक्षा प्रदान गरिने छ ।
- सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिने छ । यो लगायतका अन्य जुनसुकै कर तथा राजश्वहरु सम्बन्धित वडा कार्यालयहरुबाटै भुक्तानी गर्न सकिने गरी प्रबन्ध मिलाइने छ ।
- गाउँपालिकाको राजश्व प्रशासन सुधारको लागि राजश्व सुधार योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइने छ ।
- आर्थिक ऐनलाई समय सापेक्ष पुनरावलोकन तथा संशोधन गरि कर तथा गैरकर राजश्व सम्बन्धि ऐन तर्जूमा गरिने छ ।
- बेरुजु न्यूनीकरणका लागि लेखा व्यवस्थापन, वित्तीय अनुशासन र कानूनको परिपालनामा जोड दिनुका साथै कायम भएका बेरुजु फछ्र्यौटका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- आन्तरिक लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने छ ।

## ४.२ आन्तरिक राजश्व सङ्कलनका लागि संस्थागत क्षमता

आन्तरिक राजश्वलाई प्रभावकारी रुपमा सङ्कलन गर्ने भूमिका राजश्व प्रशासनको हुन्छ । अधिकांश निकायहरुमा खर्च गर्ने विषय प्राथमिकतामा पर्ने तथा आम्दानी गर्ने विषय ओझेल पर्नाले खर्च आवश्यकता र सोको लागि आवश्यक सम्भाव्य स्रोत पनि नजुट्ने स्थिति सिर्जना हुन जान्छ । यहाँ दंगीशरण गाउँपालिकाको आन्तरिक राजश्व सम्बन्धी संस्थागत क्षमता विश्लेषण गरिएको छ ।

### ४.२.१ स्थानीय राजश्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी

परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ। स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार हुने व्यवस्था छ।

**तलिका ४.१:राजश्व परामर्श समितिको वनावट**

| क्र.सं. | पद | नाम | समितिमा जिम्मेवारी |
|---|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष | पिमा कुमारी वलि खड्का | संयोजक |
| २ | गाउँ कार्यपालिका सदस्य | दिल कुमारी वि.क. | सदस्य |
| ३ | गाउँ कार्यपालिका सदस्य | कमान सिंह सार्की | सदस्य |
| ४ | गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | चन्द्रकान्त पौडेल | सदस्य |
| ५ | गाउँपालिका राजश्व उपशाखा प्रमुख | किरण पोखरेल | सदस्य सचिव |

दंगीशरण गाउँपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष को संयोजकत्वमा राजश्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरु हुने गरेको छ । जसमा राजश्वको समीक्षा, लक्ष्य, वडास्तरमा उठेका राजश्व संचित कोषमा दाखिला, चोरी निकासी नियन्त्रण, राजश्वको अनुगमन, वार्षिक राजश्व अनुमान आदि मुख्य हुन् । बैठकमा निजीक्षेत्र तथा घरेलु उद्योग क्षेत्रबाट गर्ने प्रतिनिधित्व हुन नसकेको देखिन्छ । साथै राजश्व परामर्श समितिका सदस्यहरुलाई राजश्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजश्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्न आवश्यक देखिएको छ।

## ४.२.२ गाउँपालिकाको राजश्व प्रशासन

यस गाउँपालिकाको सङ्गठन संरचना अनुसार प्रशासन योजना तथा अनुगमन शाखा अन्तर्गत राजश्व उपशाखा रहेको छ। छैठौं तह अधिकृत स्तरका एक, ना.सु. स्तरका एक, र सहायक स्तर पाँचौं तहका एक जना गरी जम्मा ३ जना कर्मचारीको दरवन्दी रहेकोमा हाल छैठौं तह अधिकृत स्तरका एक जना कर्मचारी मात्र कार्यरत रहेका छन् । पर्याप्त जनशक्ति नरहेता पनि यस शाखाको साथै सबै वडा कार्यालयस्तरबाट समेत राजश्व असुलीको व्यवस्था मिलाइएको छ।

राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउनु पर्ने महसुस गाउँपालिकाले गरेको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ। यसैगरी राजश्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै दंगीशरण गाउंपालिकामा सम्भव हुने विकास र प्रवर्द्धन गर्नुपर्ने छ। वडास्तरमा काम गर्ने कर्मचारीको व्यवस्थापन गरी वडाबाट प्रभावकारी सेवा प्रवाह र राजश्व सङ्कलन कार्य सञ्चालन गर्नुपर्ने छ। साथै गाउँपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई आयका शीर्षकका विषयमा अभिमुखीकरण आवश्यक रहेको छ । साथै समितिको सदस्य सचिवलाई राजश्व परामर्श समितिको माइन्युट तथा अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण छ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालनको अवस्था

### तालिका ४.२: राजश्व परिचालनको वर्तमान अवस्था

| आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|
| **कर तर्फ** | | | |
| सम्पत्ति कर | भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| मलपोत (भूमि कर) | भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| घर जग्गा बहाल कर | भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| व्यवसाय कर | भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| जडिबुटी, कवाडी तथा जीवजन्तु कर | भएको | सङ्कलन नभएको | दर निर्धारण भएको |
| विज्ञापन कर | भएको | सङ्कलन नभएको | दर निर्धारण भएको |
| मनोरञ्जन कर | नभएको | सङ्कलन नभएको | दर निर्धारण भएको |
| सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | सङ्कलन नभएको | दर निर्धारण भएको |
| **अन्य राजश्व** | | | |
| वहाल विटौरी शुल्क | भएको | सङ्कलन नभएको | दर निर्धारण भएको |
| ढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको विक्री शुल्क | भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| घर नक्सापास दस्तुर | भएको | सङ्कलन भएको | दर निर्धारण गरिएको |
| व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| पार्किङ्ग शुल्क | भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| फोहरमैला व्यवस्थापन शुल्क | नभएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| स्थानीय खानेपानी महसुल | नभएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क | भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| मूल्याङ्कन सेवा शुल्क | नभएको | सङ्कलन नभएको | दर निर्धारण भएको |
| ब्यवसाय दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | दर्ता रु १०० सङ्कलन गरिएको | दर्तारु १०० निर्धारण गरिएको तर नविकरण दस्तुर निर्धारण नभएको |
| वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | भएको | सङ्कलन भएको | दर निर्धारण गरिएको |
| दण्ड जरिवाना | भएको | सङ्कलन भएको | दर निर्धारण गरिएको |
| सामुदायिक वनबाट स्थानीय विकासमा लगानी | भएको | सङ्कलन नभएको | |

*स्रोत : गाउँपालिकामा आयोजना भएको कार्यशाला २०७८/०४/०७.*

## ४.४ राजश्व परिचालनमा रहेका केही विषयहरु (सवालहरू)

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको राजश्व अधिकार अनुरुप राजश्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजश्व परिचालनका मुख्य सवालहरुमा नीतिगत व्यवस्था, दक्ष कर प्रशासन, करको दर र दायरा तथा बक्यौता असूली आदि रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजश्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**(क) नीतिगत तथा कानुनी**

गाउँपालिकामा आर्थिक ऐन २०७८ विद्यमान छ । गाउँपालिकाको आन्तरिक आयको मुख्य स्रोतका रुपमा देखिएका सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर, सेवाशुल्क सम्बन्धी दर र सवै करदातालाई करको दायरामा ल्याउन कर सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

**कानूनी द्विविधा:** कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन् । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) ले सामुदायिक बन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था छ भने बन ऐन, २०७६ मा यस सम्बन्धमा कुनै उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिवी न्यूनीकरण, उद्यमशिलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्वन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरुको दर्ता नवीकरण लगायतका कार्यहरु प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको र प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७६ ले स्थानीय तहको उक्त अधिकार सङ्कुचित गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्न गएको छ ।

यसरी संघीय कानूनहरू बीच तालमेल नहुँदा स्थानीय तहलाई आन्तरिक आय प्राप्तिमा समस्याहरू आउने गरेको छ ।

**(ख) प्रशासनिक**

- यस गाउँपालिकामा सबै घरबाट सम्पत्ति कर तिरीएको छैन, त्यसैगरी धेरै जग्गाधनिहरुले भूमिकर तिरेका छैनन् । सबै करदाताहरुलाई आफूले के कति कर कहिलेसम्म तिर्नुपर्ने हो, कहिले कर बुझाउँदा कति छुट प्राप्त हुन्छ र समयमा नबुझाउँदा कति जरिवाना हुन्छ भन्ने कराको ज्ञान पनि भएको देखिदैन । त्यसैले करदाताहरुलाई यस विषयमा बुझाउन करदाता शिक्षा कार्यक्रम जरुरी देखिन्छ । साथै गाउँपालिकाले करदाता तथा उनीहरुको सम्पत्ती तथा जग्गाको लगत अद्यावधिक गर्न जरुरी देखिन्छ ।
- यस गाउँपालिकामा दर्ता नभएका सरकारी, ऐलानी, पर्ति जग्गा आवादी गरेर विना दर्ता विना प्रमाण भोगचलन गरिएको छ । घर लगायत संरचना निर्माण गरिएकोमा त बहाल बिटौरी कर लिइन्छ । तर जग्गामा खेतीपाती गरेकोमा गाउँपालिकाले के कसरी राजश्व प्राप्ति गर्ने होला ?

- यस गाउँपालिकामा रहेका सबै व्यवसायहरु दर्ता, नविकरण र कारोबार तथा लगानीको आधारमा बार्षिक व्यवसाय करको दायरामा आउन नसकेको देखिन्छ । यी सबैलाई दायरामा ल्याउन वडा कार्यालयहरुलाई परिचालन गर्न जरुरी देखिन्छ ।
- यस गाउँपालिकाका प्रायः सबै घरहरुको नक्सा पास वा नियमित गरिएका छैनन् । ती घरहरुलाई नियमित गरी अब देखि नयाँ निर्माण हुने सबै घर तथा संरचनाको नक्सा पास गर्ने पद्धतिलाई लागू गर्न जरुरी छ ।
- यस गाउँपालिकामा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार क्षेत्रभित्रका सबै स्रोतबाट कर तथा गैर कर राजश्व परिचालन गर्न सकिने अवस्था देखिदैन । त्यसैले गाउँपालिकाले राजश्वका स्रोतलाई प्राथमिकीकरण गर्न जरुरी छ ।
- गाभिएका नयाँ वडा वा पुरानो वडा (विकासको स्तर अनुसार) मा विनियोजन र राजश्व परिचालनमा समान नीति अपनाउनु भन्दा वडाको विकासको स्तर, जनताको आर्थिक अवस्था, कर तिर्ने क्षमता आदिका आधारमा फरक नीति अवलम्वन गर्नु जरुरी देखिन्छ ।

## (ग) राजश्व प्रशासन

**संस्थागत संरचना तथा क्षमता विकास :** विद्यमान कार्यबोझलाई मनन गरी राजश्व उपशाखामा अविलम्व दरवन्दि अनुसारको जनशक्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैगरी राजश्व प्रशासनसँग सम्बन्धित गाउँपालिका तथा वडास्तरका कर्मचारीहरुलाई क्षमता विकास तालिम, सूचना प्रविधिमा आधारित राजश्व अभिलेख प्रणालीको व्यवस्था हुन आवश्यक छ । यसैगरी वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरी वडा कार्यालयहरु मार्फत राजश्व सङ्कलनको व्यवस्थित प्रणालीको स्थापनाका साथै विद्यमान पद्धतीमा अनलाईन तथा बैंकिङ प्रणालीबाट राजश्व बुझाउने व्यवस्था गर्न सके राजश्व असुली चुस्त दुरुस्त हुने देखिन्छ ।

वडा कार्यालयहरुबाट असुली भएको राजश्व गाउँपालिकामा दाखिला गर्दा कुन शिर्षकबाट उठेको राजश्व हो त्यसको लेखाङ्कन गर्नु पर्ने हुन्छ । त्यसैले वडाबाट राजश्व बुझ्दा आर्थिक प्रशासन वा राजश्व शाखाले निम्न बमोजिमको फाराममा विवरण भर्न लगाई राजश्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजश्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ । राजश्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शिर्षकगत राजश्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ ।

**दंगीशरण नगर कार्यपालिकाको कार्यालय**

**वडाबाट सङ्कलन गरिएको राजश्व बुझ्ने फाराम (नमूना)**

**वडा नंः राजश्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामः मितिः**

| सि.नं. | काटिएको रसिद नं. | रसिद काटिएको मिति | राजश्वको शिर्षक | राजश्व बुझाउने व्यक्ति वा संस्थाको नाम | सङ्कलन गरिएको राजश्व रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा रसिद संख्या | | | | जम्मा रकम | |
| जम्मा रकम अक्षरमा : | | | | | |
| रकम बुझिलिनेको दस्तखत र मिति : | | | | | |

**पारदर्शिता र जवाफदेहिताको अनुशरण :** गाउँपालिकाप्रति नागरिकको विश्वास आर्जनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेही हुनु

आवश्यक हुन्छ । यसबाट राजश्व प्रशासन व्यवस्थित तथा प्रभावकारी बनाउन समेत मद्दत पुग्दछ । गाउँपालिकाको आम्दानी (बाह्य तथा सङ्कलित राजश्व) र खर्चको विवरण आवधिक रूपमा सार्वजनिक गर्नु पारदर्शिता अभिबृद्धिको उपयुक्त विधि हुन सक्दछ । साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैह्रकर सम्वन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसारबाट स्थानीय जनताको करप्रतिको धारणामा सकारात्मकता विकास गर्न सकिन्छ ।

**आन्तरिक नियन्त्रण:**राजश्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकीय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजश्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ । राजश्व शाखाले जिन्सी फाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझ्ने । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा गाउँपालिकाबाट जारी भएको राजश्व शिर्षकगत छुट्टिने फारममा राजश्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म रुपमा हेर्ने गर्नु पर्दछ । यसरी प्राप्त रकमलाई गाउँपालिकाको गोस्वारा खातामा शिर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजश्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ । यदि राजश्वको लेखा सूत्र (SuTRA) आधारित भए सोहि बमोजिम शीर्षगत रुपमा प्रष्ट गरी विद्युतीय माध्यमबाट (अनलाईन) प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ ।

यस गाउँपालिकाका विभिन्न वडाहरुको भौतिक, आर्थिक, सामाजिक विकासको अवस्था फरक फरक रहेको छ । तसर्थ विकसित तथा अविकसित क्षेत्रहरुका जनताले तिर्ने राजश्व दरहरु समेत फरक गर्नुपर्ने देखिन्छ । विकसित स्थानका करदाताहरु अविकसित स्थानका भन्दा तुलनात्मकरुपमा कम सेवा सुविधा उपभोग गर्नेमा पर्दछन् र उनिहरुको आयआर्जनको अवसर र आयस्तर समेत फरक हुनेहुँदा सोहि अनुसार विकसित स्थानका भन्दा अविकसित स्थानका करदाताले तिर्ने राजश्वका दरहरु कम हुने रणनिति अवलम्वन गर्नुपर्ने देखिन्छ ।

## (घ) स्रोतको आधारहरुको विश्लेषण

### अभिलेख व्यवस्थापन एवम् स्रोतहरुको प्राथमिकीकरण:

गाउँपालिकाका सम्भाव्य राजश्वका स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानु पर्दछ । गाउँपालिकाबाट राजश्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यकोलागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अत्यन्त महत्वपूर्ण हुन्छ ।

### स्थानीय आर्थिक विकास:

गाउँपालिकाबाट बार्षिक कार्यक्रमका माध्यमबाट गरिने लगानी व्यवसायिकता अभिवृद्धि, आयआर्जनका अवसर सिर्जना, स्थानीय कच्चा पदार्थको उपयोग, प्रशोधन तथा बजारीकरण, जग्गा एकीकरण तथा एकीकृत वस्ती विकास, स्थानीय आर्थिक गतिविधि केन्द्रीत पूर्वाधार विकास, रोजगारी सिर्जना जस्ता आर्थिक विकासमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनताको गाउँपालिकाप्रतिको सकारात्मक धारणा विकास र विश्वासको वातावरणले निजी क्षेत्रको लगानी एवं उद्यमी व्यवसायी आकर्षित हुने र यस्ता क्रियाकलापबाट जनताको आय बृद्धि भई कर तिर्ने क्षमतामा सुधार आउने

भएकोले गाउँपालिकाको राजश्व बृद्धिमा प्रत्यक्ष योगदान पुग्ने हुन्छ । दंगीशरण गाउँपालिकामा देहाय अनुसारका कार्यहरु प्रारम्भ गर्नुपर्ने देखिन्छ ।

- **कृषि उत्पादन सङ्कलन केन्द्र तथा हाट बजार:**गाउँपालिकाको स्थानीय उत्पादनलाई तुलसीपुर उप-महानगरपालिका, घोराही उप-महानगरपालिका तथा अन्य जिल्ला बाहिरका मुख्य बजार केन्द्रहरुसम्म पुऱ्याउन कृषि उत्पादन सङ्कलन केन्द्र र कृषि तथा पशुजन्य हाटबजार उपयुक्त माध्यम बन्न सक्दछ । यसका लागि गाउँपालिकाले उपयुक्त जग्गाको व्यवस्था, बजार सेड तथा पहुँच मार्गजस्ता पूर्वाधार निर्माण र प्रचार प्रसार उत्तिकै महत्वपूर्ण हुन्छ । यसबाट गाउँपालिकालाई व्यवसाय कर तथा बहाल विटौरी करको दायरा विस्तार हुन्छ ।
- **गाउँपालिकाको चल अचल सम्पत्तिको परिचालन:**गाउँपालिकासँग जम्मा १० कठ्ठा जमिन रहेको छ । यसमा गाउँ कार्यपालिकाको कार्यालय सञ्चालनका लागि केहि भवनहरु रहेका छन् । यी जग्गा बाहेक पनि गाउँपालिकाका विभिन्न स्थानहरुमा सार्वजनिक, ऐलानी पर्ती जग्गाहरु रहेका छन् । यसरी गाउँपालिकाको आफ्नो स्वामित्वमा रहेको जग्गा तथा सार्वजनिक ऐलानी पर्ती जग्गा मध्ये केहि जमिनलाई आय आर्जनको प्रयोजनका लागि उपयोग हुनसक्ने देखिन्छ जसलाई आयआर्जन प्रयोजनको उपयोग सम्बन्धी अध्ययन गरी सो वमोजिम परिचालन गर्न उचित हुने देखिन्छ । यसबाट गाउँपालिकालाई दिगो रुपमा आन्तरिक आय प्राप्त हुन सक्नेछ ।
- **समावेशिता तथा सहभागिता अभिबृद्धि:** कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

# परिच्छेद – पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितीय स्रोत (primary and secondary) बाट सङ्कलित सूचना विश्लेषण तथा सहभागितामूलक अन्तर्क्रियाबाट तयार गरिएको दंगीशरण गाउँपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

## ५.१ रणनीति तथा कार्यनीति

यस गाउँपालिकाले विद्यमान कानून प्रदत्त राजश्वका धेरै जसो अधिकारहरु हालसम्म प्रयोगमा ल्याइ सकेको छ । आर्थिक ऐन २०७७ यसको उदाहरण हो । यी तथ्यहरुलाई समेत दृष्टिगत गरी आन्तरिक राजश्व परिचालन सम्बन्धमा गाउँपालिकालाई देहाय अनुसारका रणनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छः

### तालिका ५.१: राजश्व परिचालनका रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (१) राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने | • विद्यमान कानून प्रदत्त राजश्व अधिकारहरुलाई अधिकतम प्रयोगमा ल्याइनेछ ।<br>• नियमित एवम् बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।<br>• समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना गर्ने गरी कानूनी र नीतिगत व्यवस्था मिलाइने छ ।<br>• राजश्व सम्वन्धमा आवश्यक तर तर्जुमा भइनसकेका ऐन नियमलाई यथासक्य छिटो तर्जुमा गरिने छ भने तर्जुमा भैसकेका ऐन नियमहरुलाई करदाताहरुको सुझाव अनुरुप संसोधन गर्दे अझ बढी व्यवहारिक तथा समय सापेक्ष बनाउदै लगिनेछ ।<br>• कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>• करदाताहरुको करतिर्न सक्ने क्षमता समेतका आधारमा कर नीतिलाई प्रगतिशील तथा न्यायोचित बनाइने छ ।<br>• राजश्वका हरेक श्रोतको संभाब्यता एकिन गर्न तथ्याङ्क सङ्कलन गर्नकालागि कार्यदल बनाई वडागत रुपमा परिचालन गरिनेछ । उक्त सम्भाव्यताका आधारमा समय सापेक्ष करको दर तथा दायरा हरेक बर्ष अद्यावधिक गरिनेछ ।<br>• राजश्वको स्रोत बृद्धि गर्ने क्षेत्रमा पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• निश्चित आधार र मापदण्डका आधारमा सम्पत्ति मूल्याङ्कन सम्वन्धी सिफारिसमा एकरुपता कायम गरिने छ ।<br>• गाउँपालिकामा उद्यम, पर्यटन जस्ता सम्भावना प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ । साथै पर्यटन विकासमा गाउँपालिकामा रहेका ऐतिहाँसिक धरोहरहरुको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको पहल गरिनेछ ।<br>• पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर आदिको दर निर्धारण गर्दा छिमेकी गाउँपालिका र नगरपालिकाको कर नीति अध्ययन गरिनेछ । साथै निजी क्षेत्र र अन्य करदातासँग छलफल तथा सहकार्य गरिनेछ । |
| (२) राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने | • गाउँपालिकाको राजश्व शाखामा स्वीकृत सङ्गठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>• कर सम्वन्धी जानकारी तथा राजश्व परिचालनलाई सहज तथा सरल बनाउन यस्लाई यथासक्य प्रविधिमैत्रि बनाईने छ ।<br>• राजश्व परिचालन गर्नका लागि मोवाईलको प्रयोग गर्ने प्रणालीको विकास गरिने छ । राजश्वको हिसाव किताव दुरुस्त तथा पारदर्शी तथा प्रभावकारी बनाउन यस्लाई कम्प्यूटरकृत गर्दै सकेसम्म वडवाटै कर असूली गर्ने व्यवस्था मिलाईने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • गाउँपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।<br>• राजश्व सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजश्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजश्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ । |
| (३) राजश्व प्रणालीलाई सरल, सहज, करदातामैत्री, पारदर्शी र समावेशी बनाउने | • कर सङ्कलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति, टोल विकास संस्था एवम् सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>• कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा कर/राजश्व सूचना तथा जानकारी अर्धवार्षिक एवम् वार्षिक प्रतिवेदन गाउँपालिकाको वेभसाईटमा राखिनेछ । साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइनुका साथै स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका जस्ता आम सञ्चारका माध्यमवाट प्रसारण गरिने छ ।<br>• स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउन करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवम् वडास्तरमा सञ्चालन गरिनेछ ।<br>• महिला, अपांगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>• एकै घरका एकभन्दा बढी परिवारका सदस्यहरुले एकभन्दा बढी व्यवसाय सञ्चालन गरेमा त्यस्ता व्यवसायीहरुलाई कर छुट दिई व्यवसायमा लाग्न प्रोत्साहन गरिने छ ।<br>• विदेशवाट सिप सिकेर फर्केका तर अव आफ्नै थातथलोमा व्यवसाय शुरुगर्न चाहने स्थानीय युवाहरुलाई प्रोत्साहन स्वरुप कर छुट गरिने छ । |
| (४) समन्वय र सहकार्यका क्षेत्रहरुको अभिवृद्धि गरिने छ । | • पर्यटन शुल्क तथा प्राकृतिक स्रोतमा आधारित करका सम्बन्धमा छिमेकका अन्य गाउँपालिका तथा गाउँपालिकासँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>• बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ ।<br>• राजश्वसँग सम्बन्धित विषयमा छिमेकी स्थानीय तह खासगरी शान्तिनगर गाउँपालिका, बबई गाउँपालिका तथा तुलसीपुर उप महानगरपालिकासँग समन्वय वैठक आयोजना गरी राजश्व सङ्कलनका सवालहरुबारे छलफल गरी समाधान गरिनेछ ।<br>• राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |
| (५) उपलब्ध सुविधा र विकासको स्तर अनुसार करारोपणको रणनीति अपनाई राजश्व बढाउने | • मुख्य सडक सञ्जालमा जोडिएका बस्तिहरुमा बजार व्यवस्थापन, कृषि उपजहरुको थोक बजारको व्यवस्था तथा बस्ति विकासको माध्यमवाट आर्थिक क्रियाकलापहरु अगाडी बढाईने छ ।<br>• सिंचाइ सुविधा उपलब्ध भएका क्षेत्रहरुमा आधुनिक कृषि प्रणालीको विकास गरी जनताहरुको आयस्तर बढाईने छ ।<br>• सिंचाइ सुविधा कम भएको क्षेत्रमा फलफूल, पशुपालन, च्याउ खेती, माहुरी पालन जस्ता क्रियाकलापको प्रवर्द्धनद्वारा जनताको जीवनस्तरमा सुधार ल्याई राजश्व बृद्धि गरिने छ ।<br>• गाउँपालिकामा उपलब्ध सुविधा र विकासको स्तर अनुसार जनताले तिर्ने राजश्व दरहरु समेत फरक गरिने छ । |

## ५.१.२ राजश्व सुधार कार्ययोजना

दंगीशरण गाउँपालिकाको सूचना तथा तथ्याङ्क अध्ययन र गाउँपालिकास्तरीय अन्तर्क्रियाका आधारमा तयार गरिएको राजश्व सुधार योजना यसप्रकार रहेको छ :

**तालिका ५.२: राजश्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैर कर राजश्व** | | | |
| सम्पत्ति कर | • आर्थिक ऐन २०७८ बमोजिम सम्पत्ति कर कार्यान्वयन तथा समीक्षा गर्ने<br>• सम्पत्ति मूल्याङ्कनमा चित्त नबुझ्ने करदाताले उजुरी दिने र यसको छिनोफानो गर्न गाउँपालिकाको उप प्रमुखको संयोजकत्वमा उजुरी सुनुवाई समिति गठन गर्ने | • नियमित<br>• २०७९ असार मसान्तसम्म | • राजश्व परामर्श समिति,<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• राजश्व शाखा |
| | • करदाताको लगत तयार गरी कम्पुटर सफ्टवेयरमा सबै घरजग्गा धनीहरुको विवरण प्रविष्टी गर्ने<br>• करदाताहरुलाई प्रोत्साहनका लागि नियमित तथा समयमा कर बुझाउने करदातालाई पुरस्कृत तथा सम्मान गर्ने<br>• कर उठाउनका लागि कर अभियान सञ्चालन गर्ने । | • २०७८ पुष मसान्तसम्म | • राजश्व शाखा |
| | • लगत अनुसार प्रत्येक घरधनीलाई सम्पत्ति करको बिल छपाइ गरी वडामार्फत घर घरमा पठाउने | • २०७८ फाल्गुण मसान्तसम्म | • राजश्व शाखा |
| व्यवसाय कर | • गाउँपालिकाका सबै वडाका व्यवसायीहरुलाई व्यवसाय दर्ताका लागि सूचना जारी गर्ने | • २०७८ चैत्र मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत<br>• वडा कार्यालयहरु |
| | • व्यवसायीहरुसँग नियमित छलफल र अन्तरक्रिया गर्ने<br>• व्यवसाय दर्ता विवरण अद्यावधिक गर्ने ।<br>• पूँजीगत लगानी तथा कारोवारको रकमको आधारमा कर निर्धारण गर्ने र कर असुलीगर्न कार्यारम्भ गर्ने ।<br>• समयमै कर बुझाउने करदातालाई पुरस्कार र छुटको व्यवस्था गर्ने । | • निरन्तर | • राजश्व परामर्श समिति<br>• कार्यपालिका<br>• वडा कार्यालयहरु<br>• राजश्व शाखा |
| पूर्वाधार उपयोग शुल्क | • पूर्वाधार उपयोग (सवारी वार्षिक/ पटके) महशुल दर निर्धारण गर्ने र उपयुक्त तवरले सेवाग्राहीलाई मर्का नपर्ने गरी सेवा शुल्क उठाउने नीति तयार गर्ने | • २०७९ असार मसान्तसम्म | • राजश्व परामर्श समिति<br>• गाउँसभा |
| | • साझा श्रोतहरुमा शुल्क लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गर्ने | • २०७८ चैत्र मसान्तसम्म | • राजश्व परामर्श समिति |
| घर जग्गा वहाल कर | • वडागत रुपमा घर बहालमा लगाउने घरधनीहरुको विवरण सङ्कलन गर्ने ।<br>• घरधनीहरुसँग अन्तरक्रिया गर्ने<br>• घरजग्गा बहालमा दिने घरधनी तथा बहालमा | • २०७८ चैत्र मसान्तसम्म | • राजश्व परामर्श समिति<br>• राजश्व शाखा<br>• वडा कार्यालयहरु |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | दिएको समय तथा दरसमेत अद्यावधिक गर्ने तथा घरजग्गा बहालमा लगाउनेको लगत तथा कर सङ्कलन गर्ने कार्यमा टोल विकास संस्था परिचालन गर्ने । असुल गरेको करको निश्चित रकम टोल विकास संस्थालाई दिने व्यवस्था गर्ने | | |
| वहाल विटौरी शुल्क | • सार्वजनिक जग्गाहरुमा उपयोग बारेको विवरण तयार गर्ने । यसरी विवरण तयारगर्दा उक्त जग्गा उपभोग कस्ले गरेको छ वडा समितिले प्रमाणित गरी उपभोग गर्ने व्यक्ति तथा उस्ले उपभोग गरेको जग्गाको पहिचान गर्ने ।<br>• पहिचान गरिएको सार्वजनिक जग्गाहरुको नापनक्सा अद्यावधिक गर्ने<br>• बहाल विटौरी करको दर समीक्षा गर्ने | • २०७९ असार मसान्त सम्म | • गाउँ कार्यपालिका<br>• राजश्व परामर्श समिति<br>• वडा समितिहरु |
| | • सार्वजनिक जग्गाहरुमा बसपार्क, कृषि हाटबजार, शौचालय निर्माण गरी बहालमा लगाउने | • आ.व. २०७८/०७९ देखि | • गाउँ कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | • महिला पुरुष छुट्टिने गरी घरजग्गाको अभिलेख राख्ने<br>• जग्गाको न्यूनतम मूल्याङ्कन दरलाई परिमार्जन गरी न्यायोचित र यथार्थपरक बनाउने<br>• घरजग्गा रजिष्ट्रेशन दस्तुर मालपोत कार्यालयबाट समयमै प्राप्त गर्ने | • २०७८. पौष देखि | • गाउँ कार्यपालिका<br>• राजश्व शाखा |
| प्राकृतिक स्रोत बिक्रि | • जडिबुटीको पहिचान तथा उपदेयताबारे पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम प्रदान गर्ने<br>• प्राकृतिक स्रोतहरुको बिक्री मुल्य निर्धारण गर्ने, सङ्कलन गर्ने | • २०७९ श्रावण देखि | • गाउँ कार्यपालिका<br>• राजश्व शाखा |
| | • ढुंगा, गिट्टि, बालुवा उत्खनन्/सङ्कलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्ने | • २०७८ चैत्र | • गाउँ कार्यपालिका<br>• वडा कार्यालय<br>• प्राविधिक शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | • दर्ता गर्नुपर्ने व्यवसायको विवरण सङ्कलन गर्ने<br>• स्थलगत टिम बनाई सबै क्षेत्रमा परिचालन गर्ने<br>• व्यवसाय दर्ता तथा नवीकरण दस्तुर सङ्कलन गर्ने | • तत्कालै | • गाउँ कार्यपालिका<br>• वडा कार्यालय<br>• राजश्व शाखा |
| अचल सम्पत्ति मूल्याङ्कन शुल्क | • घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्याङ्कन अभिलेखमा एकरुपता कायम गर्ने | • तत्कालै | • वडा कार्यालय |
| पर्यटन सेवा शुल्क | • धार्मिक एवम् पर्यटकीय स्थलहरुको प्रवेश शुल्क निर्धारण गर्ने<br>• पर्यटकीय सेवाहरुको व्यवस्थापन गरी शुल्क लगाउने | • २०७८ चैत्र मसान्तसम्म | • गाउँ सभा<br>• कार्यपालिका |
| नक्सा पास दस्तुर | • नक्सापास सम्बन्धमा जनचेतना जगाउने<br>• आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने<br>• नक्सापास कार्य अनिवार्य गर्ने ।<br>• पहिलेनै बनिसकेका घर संरचनाहरुको | • २०७८ चैत्र मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत<br>• प्राविधिक शाखा |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | निश्चित शुल्कलिई अभिलेखिकरण गर्ने । | | |
| सामुदायिक वनबाट भएको आम्दानीबाट तोकिएको प्रतिशत स्थानीय विकासका लागि समन्वय गर्ने | • सामुदायिक वनबाट वार्षिक रुपमा बिक्रीयोग्य हुने काठजन्य तथा गैर काठ, जडिबुटीको आँकडा सहितको कार्ययोजना माग गर्ने<br>• सामुदायिक वनबाट स्थानीय विकासमा गर्ने लगानी वारेमा समन्वय गर्ने | • २०७८ चैत्र मसान्तसम्म | • गाउँ कार्यपालिका<br>• राजश्व शाखा |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | • सडकहरुलाई कालोपत्रे गर्ने<br>• होमस्टेको विकास गर्ने | • निरन्तर | • गाउँपालिका<br>• प्राविधिक शाखा |
| महत्वपुर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुको विकास, संरक्षण तथा प्रवर्द्धन | • क्रमशःगाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रवर्द्धनका लागि पर्यटकीय प्याकेजको रुपमा विकास गर्ने | • निरन्तर | • गाउँ कार्यपालिका<br>• निजी क्षेत्र |
| **ग. मानवीय क्षमता विकास तथा राजश्व प्रशासन** | | . | |
| मानवीय क्षमता विकास | • संगठनात्मक ढाँचा अनुरुप राजश्व शाखाको दरबन्दी परिपूर्ति गर्ने र सोही बमोजिम राजश्व सङ्कलनको जिम्मेवारी दिने ।<br>• राजश्व अधिकारका क्षेत्रमा कार्यपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने<br>• राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई असल अभ्यासबारे जानकारी दिने कार्यक्रम आयोजना गर्ने<br>• गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजश्व प्रशासन र अभिलेखन र सफ्टवेयर बारे तालिम प्रदान गर्ने<br>• व्यवसायीहरुलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने | • नियमित | • गाउँ कार्यपालिका |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | • सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल विटौरी कर, घर बहाल कर) करदाताहरुको तथ्याङ्क, सूचना सङ्कलन गर्ने<br>• करदाताको व्यक्तिगत फाईल (विवरण) तयार गर्ने<br>• सेवाशुल्क लगाउन सकिने पूर्वाधारहरु (सडक, सिंचाई, खानेपानी, बसपार्क आदि) को अभिलेख तयार गर्ने | • २०७८ चैत्र मसान्तसम्म | • वडा कार्यालय,<br>• राजश्व शाखा,<br>• प्राविधिक शाखा |
| राजश्व सङ्कलन तथा अभिलेख | • राजश्व अभिलेख सम्बन्धी एकीकृत (अनलाईन) सफ्टवेयर तयार पार्ने<br>• करदाताको विवरण सबै वडा तथा गाउँपालिका कार्यालयको सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>• राजश्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | • २०७८ चैत्र मसान्तसम्म | • नगर कार्यपालिका<br>• वडा कार्यालयहरु |
| सूचना तथा पारदर्शिता | • स्थानीय सञ्चार माध्यमबाट करदाताहरुलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने । | • नियमित | • प्रमुख प्रशासकीय अधिकृत,<br>• वडा सचिवहरु |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | • गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने<br>• कर तथा राजश्व असुलीका लागि घरदैलो कार्यक्रम सञ्चालन गर्ने<br>• राजश्व सङ्कलनको विवरण त्रैमासिक एवम् अर्ध वार्षिक रुपमा प्रकाशन गर्ने | | |
| अनुगमन | • राजश्व असुलीका लागि घरदैलो तहमा अनुगमन गर्ने<br>• अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>• कर चुहावट नियन्त्रण गर्ने | • प्रत्येक तीन महिनामा | • कार्यपालिका<br>• वडा कार्यालयहरु |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | • कर्मचारीलाई राजश्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने<br>• करदातालाई सम्मान (बढी कर तिर्नेलाई) गर्ने<br>• निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | • वार्षिक रुपमा ( नगर सभा गर्ने दिनमा) | • गाउँ कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• राजश्व परामर्श समिति |
| राजश्व प्रशासनको प्रभावकारिताका लागि बन्दोवस्ती | • राजश्व शाखाको लागि कार्यकक्ष, कम्प्यूटर, प्रिन्टर, विद्युत व्याकअप सहितको सुविधा उपलब्ध गराउने | • तत्कालै | • गाउँ कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत |
| निजिक्षेत्रको सहभागिता | • वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजिक्षेत्रको सहभागिता बढाउदै लैजाने | • २०७८ चैत्र मसान्तसम्म | • गाउँ कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण

यस परिच्छेदमा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना र पछिल्ला तीन आर्थिक वर्षहरुको प्रस्तावित तथा यथार्थ राजश्वलाई आधार मानी गाउँपालिकाको आगामी तीन आर्थिक वर्ष (आ.व २०७८/७९-२०८०/८१) का लागि गरिएको राजश्व प्रक्षेपणको विवरण प्रस्तुत गरिएको छ। गाउँपालिकाको राजश्व सम्बन्धी सङ्कलित तथ्याङ्का आधारमा गाउँपालिकाको सम्भावना, राजश्व सुधार कार्ययोजना तथा विगत वर्षहरुमा भएको वार्षिक वृद्धि समेतलाई मध्यनजर गरी देहाय अनुसार राजश्व प्रक्षेपण गरिएको छ। शीर्षकगत रुपमा आन्तरिक राजश्व सम्भाव्यता विश्लेषणको आधार सम्बन्धी विवरण अनुसूची १ र २ तथा मस्यौदा आर्थिक विधेयक २०७८ का अनुसूचीहरुमा संलग्न गरिएको छ।

**तालिका ६.१: राजश्व प्रक्षेपण**

| राजश्व शीर्षक | कुल बार्षिक सम्भाव्यता | प्रक्षेपित आय | | | | आय प्रक्षेपणको आधार |
|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | |
| सम्पत्ति कर | १७५७७५० | ५२७३५५ | १,०५७,७१० | १,४०६,२८० | १४९४०८८ | ०७८/०७९ मा कुल सम्भाब्यताको ३० प्रतिशत संकलन हुने त्यसपछि ०७९/०८० मा ६० प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक २० प्रतिशतले बृद्धि हुने अनुमान |
| मालपोत (भूमिकर) | २९०८२०४५ | 2385636 | 2624200 | 2886620 | १४७७३६७९ | ०७८/०७९ मा कुल सम्भाब्यताको ३० प्रतिशत संकलन हुने त्यसपछि ०७९/०८० मा ६० प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक २० प्रतिशतले बृद्धि हुने अनुमान |
| घर बहाल कर | ३२०४०० | ७३,००० | ३२०,४०० | ३५२४४० | ३४६०३२ | वहाल करमा दोश्रो बर्ष कुल संभावनाको सबै संकलन हुने र त्यसपछिका आ.व.हरूमा १० प्रतिशतले बृद्धी हुदै जाने अनुमान |
| बहाल बिटौरी शुल्क | ३००,०००।०० | ६०००० | ३००,००० | ३३०,००० | २१२,४०० | हाटवजार विटौरी र सार्वजनिक जग्गाको वहाल विटौरी शुल्क हाल नभएको यस चालु आ.व. मा लगत अभिलेख, दररेट तथा प्रचार प्रसार गरि कुल संभाब्यताको २० प्रतिशत उठ्ने, आगामी बर्ष कुल बार्षिक संभाब्यताको सत प्रतिशत उठ्ने र त्यसपछि कमशः १० प्रतिशतले बृद्धिहुँदै जाने |
| ब्यवसाय कर | 1,213,500 | 728,100 | 800,910 | 881,001 | ८५९१५८ | आगामी आ.व.मा कुल सम्भावनको ६० प्रतिशत संकलन हुने र वार्षिक १०% ले बृद्धि हुने अनुमान। |
| विज्ञापन कर | ५०,००० | ५०,००० | ५५,००० | ६०,५०० | ५४०० | आगामी आ.व.मा कुल सम्भावना अनुरुप नै विज्ञापन कर संकलन हुने र वार्षिक १०% ले बृद्धि हुने अनुमान। सो रकम मध्ये ६०% गाउँपालिकाको आय हुने। |
| पर्यटन शुल्क | 20000 | 15,000 | 16500 | 18150 | २१६० | चालु आ.व.मा गरिएको अनुमानमा १०% ले बृद्धि हुँदै जाने अनुमान गरिएको |

| राजश्व शीर्षक | कुल बार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | | आय प्रक्षेपणको आधार |
|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | |
| पार्किङ्ग शुल्क | ५५,२०० | ५५,२०० | ६०,७२० | ६६,७९२ | ५९६१६ | चालु आ.व.मा गरिएको अनुमानमा १०% ले बृद्धि हुँदै जाने अनुमान गरिएको |
| अन्य बिक्रिबाट प्राप्त रकम ( प्राकृतिक श्रोत - ढुङ्गा,गिट्टी, वालुवा, दहत्तर, वहत्तर) | २०००००० | १४००००० | १,६००,००० | १,८००,००० | १९००००० | ढुङ्गा,गिट्टी, वालुवा आदि बिक्री बापत प्राप्त हुने कुल संभावनाको ७०% चालु आ.व. मा प्राप्त हुने अन्य वर्षहरुमा १० प्रतिशतका दरले बृद्धि हुने अनुमान |
| नक्सापास दस्तुर | ११,१८६,००० | ४४७४४०० | ६,७११,६०० | ८,९४८,८०० | ९५०८१०० | चालु आ.व. मा कुल सम्भावनाको ४०% र त्यसपछि वार्षिक २०% ले बृद्धि हुदै जाने अनुमान गरिएको । |
| सिफारिस दस्तुर | २६२२००० | २,०८०,००० | २,६२२,००० | २८८४२०० | २८३१७६ | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले बृद्धिहुने अनुमान |
| ब्यक्तिगत घटना दर्ता दस्तुर | १५०००० | १२४,६५० | १५०,००० | १६५००० | १६२०० | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% बृद्धि हुने अनुमान |
| अन्य दस्तुर | ५००० | ५००० | ७००० | ९००० | ५४० | आगामी आ.व.का लागि एकमुष्ठ रु.१ लाख र वार्षिक १०% का दरले बृद्धि हुने अनुमान |
| व्यवसाय रजिष्ट्रेशन/ नवीकरण शुल्क | ५३,९०० | ५३,९०० | ५९,२९० | ६५,२१९ | ५८२१२ | आगामी वर्षमा कुल सम्भावनाको १००%, त्यसपछि वार्षिक १०% ले बृद्धि हुने अनुमान |
| न्यायिक दण्ड, जरिवाना र जफत | ४१५००० | ४१५,००० | ३००,००० | ३००,००० | ३३५३२० | वार्षिक एकमुष्ठ रु. ३ लाख प्राप्त हुने अनुमान |
| अन्य राजश्व (विविध आय, सामुदायिक वन आदि) | | ( | ३६२,५७० | ३९८,८२७ | ० | आगामी आ.व. देखि २२ सामुदायिक वनको जम्मा वार्षिक आम्दानी ३६ लाख ५० हजार ७ सय हुने अनुमान गरी सोको १०% अर्थात ३ लाख, ६२ हजार ५ सय ७० गाउँपालिकामा प्राप्त हुने र वार्षिक १०% बृद्धि हुने अनुमान गरिएको साथै गाउँपालिकासँगको समन्वयमा खर्च गर्नुपर्ने रकमको अनुमान अनुसूची १ मा मात्र गरिएको छ |
| बेरुजु | २०००० | २०००० | २०००० | २०००० | २१६० | वार्षिक रुपमा २०,००० का दरले बेरुजु असुली हुने अनुमान |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँडबाट | 4000000 | 4000000 | 4600000 | 5290000 | 6083500 | आगामी वर्षमा कुल सम्भावनाको १००%, त्यसपछि वार्षिक १०% ले बृद्धि हुने अनुमान |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर र आन्तरिक शुल्क | 61438257 | 61438257 | 71126475 | 82342431 | 95327034 | अन्तशुल्कको लागि बेग्लै शिर्षक राखिएता पनि संघीय तहबाट बाँडफाँड प्राप्त हुँदा एउटै शिर्षकमा आउने गरेकोले मुअकरमा नै समावेश |

| राजश्व शीर्षक | कुल बार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | | आय प्रक्षेपणको आधार |
|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | |
| सवारी साधन कर वाँडफाँडबाट प्राप्त हुने | 7044000 | 7044000 | 7748400 | 8523240 | 9375564 | प्रदेश सरकारवाट चालु आवका लागि बाँडफाँड भएको रकममा १०% बृद्धि हुने अनुमान |
| बाँडफाँड भई प्राप्त हुने प्राकृतिक स्रोतको रोयल्टी | 600000 | 600000 | 700000 | 800000 | 900000 | |
| समानीकरण अनुदान (संघ) | 104055000 | 104055000 | 109257750 | 114720637 | 120456669 | चालु आवको अनुमान रकममा ५% ले बृद्धि हुने अनुमान |
| सशर्त अनुदान (संघ) | 190445000 | 153300000 | 176295000 | 202739000 | 233150000 | चालु आवमा प्राप्त हुने रकममा १५% बृद्धि हुने अनुमान |
| विशेष अनुदान (संघ) | 2500000 | 2500000 | 2500000 | 2500000 | 2500000 | |
| समपुरक अनुदान (संघ) | 2500000 | 2500000 | 2500000 | 2500000 | 2500000 | |
| समानीकरण अनुदान (प्रदेश) | 4609000 | 4609000 | 5000000 | 6000000 | 6000000 | चालु आवको अनुमान रकममा ५% ले बृद्धि हुने अनुमान |
| सशर्त अनुदान (प्रदेश) | 8544000 | 8544000 | 8544000 | 8544000 | 8544000 | |
| विशेष अनुदान (प्रदेश) | 6000000 | 6000000 | 6000000 | 6000000 | 6000000 | |
| समपुरक अनुदान (प्रदेश) | 15000000 | 15000000 | 15000000 | 15000000 | 15000000 | |
| लागत सहभागिता | १००००० | १००००० | १२०००० | १४५००० | १०८०० | नगदै जनसहभागिता संकलनको थालनी आगामी आ.ब. देखि सुरु भई र वार्षिक २०% का दरले बृद्धि हुने अनुमान |
| **कूल जम्मा** | **454,328,302** | **381,630,143** | **425,401,815** | **474,290,857** | **534,209,719** | |
| **औषत वृद्धि दर** | | **19.35** | **11.47** | **11.49** | **12.63** | |

# परिच्छेद – सातः अपेक्षित नतिजा

गाउँपालिकाको आ.व. २०७७/७८ को यथार्थ आन्तरिक आम्दानी रु ७८ लाख २० हजार ७ सय ५८ रहेको छ । गाउँपालिकाले चालु आ.व. २०७८/७९ को लागि आन्तरिक आय रु १ करोड १९ लाख ४० हजार हुने प्रक्षेपण गरेको छ । प्रस्तुत राजश्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट आ.ब. २०७८/७९ को प्रक्षेपित बजेटको तुलनामा प्रस्तुत कार्ययोजनाको अन्त्य (आ.व. २०८१/८२) सम्ममा सरदर बार्षिक ११ प्रतिशतका दरले बृद्धि भई रु.२ करोड ८३ लाख ६२ हजार हुने अपेक्षा गरिएको छ । यस गाउँपालिकाको अघिल्लो परिच्छेदमा प्रक्षेपित आन्तरिक आय र संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरणबाट प्राप्त हुन सक्ने आय समेत गरी कूल आय संक्षेपमा देहायको तालिका वमोजिम हुने प्रक्षेपण गरिएको छ:

**तालिका ७.१: गाउँपालिकाको प्रक्षेपित आय संक्षेपमा**

| शिर्षक | यथार्थ आय रु | | | प्रक्षेपित आय रु | | | |
|---|---|---|---|---|---|---|---|
| | **2075/76** | **2076/77** | **2077/78** | **2078/79** | **2079/80** | **2080/81** | **2081/82** |
| आन्तरिक | 7766738 | 4960831 | 7820758 | 11939886 | 16010190 | 19186549 | 28362153 |
| अनुदान संघ | 163600000 | 183700000 | 230000000 | 262,355,000 | 290,552,750 | 322,459,637 | 358,606,669 |
| अनुदान प्रदेश | 21864000 | 17344000 | 25929000 | 34153000 | 34544000 | 35544000 | 35544000 |
